महालेखापरीक्षकको वार्षिक प्रतिवेदन

२०७८

रुरुक्षेत्र गाउँपालिका

गुल्मी

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

Serving the Nation and the People

दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

मूल्य मान्यता (Core Values)

निष्ठा	(Integrity)
स्वतन्त्रता	(Independence)
व्यवसायिकता	(Professionalism)
पारदर्शिता	(Transparency)
जवाफदेहिता	(Accountability)

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

प.सः २०७८।७९
च.नः ६५ मितिः २०७८।५।४

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
रुरुक्षेत्र गाउँपालिका, गुल्मी

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २० (३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

....
नारायण एम.सी.
(नायव महालेखापरीक्षक)

बोधार्थः
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार, काठमाडौं — प्रतिवेदन संलग्न छ ।

Phone: 4258174, 4266034, A.G. Fax: 977-1-4268309, Fax: 977-1-4262798, Post Box:13328
Email : aag.mgmt@oagnep.gov.np,Info@oag.gov.np Website : www.oagnep.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारीता र औचित्यको आधारमा महालेखापरीक्षकबाट हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र गाउँपालिकाको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७६।७७ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र निकायसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरुमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानूनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद ब्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी र जवाफदेहिता एवं सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ती र उपयोग सम्बन्धमा प्रचलित कानूनको पालना भए नभएको विश्लेषण गरी वित्तीय ब्यवस्थापनमा सुधारका लागि सुझाव प्रस्तुत गरी सुशासन प्रबर्द्धनमा टेवा पुऱ्याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

आर्थिक वर्ष २०७६।७७ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरु मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ । प्रतिवेदनमा दिएका सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहमा रहेको सीमित स्रोत साधनको उपयोग गरी विकास निर्माण र सेवा प्रवाहमा मितव्ययिता, दक्षता र प्रभावकारिता हासिल गर्न सहयोग पुग्ने अपेक्षा गरिएको छ । फलस्वरुप स्थानीय तहको कार्यसम्पादनमा जवाफदेहिता र पारदर्शिता प्रबर्द्धन हुने विश्वास लिइएको छ ।

लेखापरीक्षणबाट मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय ठेक्का ब्यवस्थापनमा स्पष्ट कानूनी ब्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारीता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानून विपरीत सोझै खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, वितरणमूखी खर्चको बाहुल्यता रहेको जस्ता प्रवृत्ति देखिएका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, जटिल प्रकृतिका कार्यहरु समेत उपभोक्ता समितिबाट गराएको, तोकिएबमोजिम जनसहभागिता नजुटेको, दीगो विकासका लक्ष्य अनुरुप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक ब्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको अभिलेख नराखेको, बैंक हिसाब विवरण तयार गर्ने नगरेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको छ । साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा लेखा समितिको गठन, कार्यक्षेत्र, लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फछर्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा हुन बाँकी रहेको पाइएको छ । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरु सुधार गरी गत विगतका बेरुजु उपर अपेक्षितरुपमा आवश्यक कारवाही भए गरेको समेत देखिएन ।

समय र जनशक्तिको सीमितताको बावजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको थियो । लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरुसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका ब्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय ब्यवस्थापन, भौतिक पूर्वाधार र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरु र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरु सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

(टंकमणि शर्मा, दंगाल)

२०७८ भाद्र ४ गते

महालेखापरीक्षक

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General

बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय
(लुम्बीनी, कर्णाली र सुदूरपश्चिम प्रदेश)

पत्र संख्याः २०७८/७९
च.नं. ६५

मितिः२०७८।५।४

श्री अध्यक्षज्यू,
रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय,गुल्मी ।

विषयः लेखापरीक्षण प्रतिवेदन

कैफियत सहितको राय

हामीले रुरुक्षेत्र गाउँपालिकाको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससङ्ग सम्बन्धित आय ब्यय बिबरण तथा लेखा टिप्पणीहरुको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको २०७७ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७६।७७ को बित्तिय विवरण र त्यससँग सम्बन्धित आय ब्यय बिबरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानून र परम्परा बमोजिम सारभूत रुपमा सहि तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको रायव्यक्त गर्ने आधार

१. लेखापरीक्षणबाट रु.४४ लाख ३४ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु.३ लाख ८३ हजार र प्रमाण कागजात पेश गर्नुपर्ने रु.१० लाख ४३ हजार र नियमित गर्नुपर्ने रु.३० लाख ८ हजार रहेको छ ।
२. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७७।११।२३ मा जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रिया सहितका प्रमाण कागजातका आधारमा फर्छ्यौट भएका दफाहरु हटाई कायम व्यहोराको अन्तिम प्रतिवेदन पाना उन्नानतिस (२९) यसै साथ संलग्न छ ।
३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकीन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसङ्ग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचार संहिता अनुसार हामीले काम गरेका छौं । लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरु हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी

आर्थिक कार्यविधि तथा बित्तिय उत्तरदायित्व ऐन २०७६ र स्थानिय सरकार सञ्चालन ऐन २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तिका कारण वित्तीय विवरण सारभूत रुपमा गलत आँकडा रहित स्वरुपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यकारिणी, अध्यक्ष र प्रमुख प्रशासकिय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रकृयाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ति समेतका कारण सारभूत रुपमा गलत आँकडा रहित रहेको होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्तता सम्मप्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसङ्ग सम्बन्धित अन्य प्रचलित कानून बमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ति पत्ता लगाउने सक्ने निश्चितता भने हुदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विषेश वा जालसाजीजन्य वा अन्य गल्तिलाई सारभूत रुपमा गलत आँकडा मानिएको छ ।

(नारायण एम.सी.)
नायब महालेखापरीक्षक

रुक्षेत्र गाउँपालिका
लेखापरीक्षण प्रतिबेदन
२०७६।७७

परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस रुरु क्षेत्र गाउपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ । यस रुरु क्षेत्र गाउँपालिका अन्तर्गत ६ वडा, ३२ सभा सदस्य, ६७.३७ वर्ग किलोमिटर क्षेत्रफल तथा २३ हजार १५५ जनसंख्या रहेको छ ।

स्थानिय सञ्चितकोष : आर्थिक वर्ष २०७६।७७ स्थानिय सञ्चित कोष आय व्यय हिसाबको संश्रिप्त अवस्था निम्न बमोजिम रहेको छ ।

सि.	आयतर्फ			सि.नं	व्ययतर्फ		
	विवरण	रकम	रकम		विवरण	रकम	रकम
१	**गत वर्षको जिम्मेवारी**		19853540.31	१	**चालु खर्च**	309505621.42	309505621.42
	क) नगद		00	२	**पूँजीगत खर्च**	92643464.80	92643464.80
	ख) बैंक	18437982.31	00	३	**वित्तिय व्यवस्था भुक्तानी**		00
	धरौटी मौज्दात	668245.00	00		क) ऋण भुक्तानी		00
	कल्याणकारी कोष	747313.00	00		ख) ब्याज भुक्तानी		00
२	**राजस्व (आन्तरिक आय)**		65493799.84		ग) अन्य भुक्तानी		00
	क) आन्तरिक राजस्व	8908281.96	00	४	**लगानी**		00
	ख) राजस्व बाँडफाँड संघ	53133352.99	00		ऋण लगानी		00
	ग) राजस्व बाँडफाँड प्रदेश	3452164.89	00		शेयर लगानी		00
	ग) मालपोत आय		00		अन्य लगानी		00
३	**वित्तिय हस्तान्तरण संघ**		311436930.00		**बिपद कोष खर्च**	6639008.53	6639008.53
	क) वित्तिय समानीकरण अनुदान	81700000.00	00	५	**धरौटी फिर्ता**	1703388.00	1703388.00
	ख) सशर्त अनुदान	211236930.00	00	६	**जनश्रमदान फिर्ता**		00
	ग) समपूरक अनुदान	4000000.00	00	७	**कोष फिर्ता**		00
	घ) विशेष अनुदान	14500000.00	00	८	**मौज्दात**		00
४	**प्रदेश सरकारबाट प्राप्त अनुदान**		35330000.00		क) बैंक मौज्दात	55639276.00	55639276.00
	क) वित्तिय समानीकरण अनुदान	4130000.00	00		ख) नगद मौज्दात		00
	ख) सशर्त अनुदान	8000000.00	00	९	**शसर्त अनुदान फिर्ता**		64630235.16
	ग) समपुरक अनुदान	15000000.00	00		क) संघिय अनुदान	60022265.00	00
	घ) विशेष अनुदान	8200000.00	00		ख) प्रदेश अनुदान	23170.16	00
५	**अन्तर स्थानीय तहबाट प्राप्त**		00		ग) सामाजिक सुरक्षा	4584800.00	00
६	**अन्य**		00		घ) संघिय समपुरक		00
७	**विभिन्न कोषतर्फको आय**		4400133.00	१३	**कोष खाताको मौज्दात**		8510360.40
	कर्मचारी कल्याणकोष	1000000.00	00		क) विपद् व्यवस्थापन कोष	5252708.40	00
	कोभिड कार्यक्रम	3400133.00	00		ख) कन्टीजेन्सी बचत	1747313.00	00
८	**विपद् व्यवस्थापन कोष**	11891717.16	11891717.16		ग) धरौटी	1510339.00	00
९	**विषयगत निकायबाट प्राप्त**		00				00
१०	**धरौटी आय**	2545482.00	2545482.00				
११	**लगानीको साँवा फिर्ता**		00				
१२	**अन्य विविध आय**		88319752.00				
	क) गरिबसंग विशेश्वर	341700.00	00				
	ख) राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण बिभाग	602277.00	00				
	ग) दीर्घसेवा सम्मान तथा सामाजिक सुरक्षा	72903600.00	00				
	घ) स्थानिय पूर्वाधार बिकास साझेदारी कार्यक्रम	11000000.00	00				
	ङ) जेष्ठ नागरिक कार्यक्रम	975000.00	00				
	च) पर्यटन पूर्वाधार बिकास आयोजना	2497175.00	00				
	जम्मा		**539271354.31**		**जम्मा**		**539271354.31**

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	वित्तीय विवरण विश्लेषण	
1.	**वित्तीय विवरण** – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दातको हिसाब मिलान गरेको छैन । • लेखापरीक्षणका क्रममा बैंक नगदी किताब तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छैन । • कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैंक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैंक मैज्दात ऋणत्मक रहेको तथा स्थानीय तहका सबै खाताहरुको एकमुष्ट हिसाव गर्दा मौज्दात ऋणत्मक नरहेको । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तयार गरि लेखापरीक्षणमा पेश भएन। त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।	
2.	**बैंक हिसाब मिलान नगरेको** – स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैंक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको खाताको बैंक हिसाब मिलान विवरण तयार गरेको छैन । आर्थिक बिबरण बमोजिम मौज्दात रु ६४१४९६३६।४० उल्लेख छ । अत पालिकाले बैंक हिसाब मिलान बिबरण तयार गरिनु पर्दछ ।	
3.	**आन्तरिक नियन्त्रण प्रणालीः** स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन । • पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन । • पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्यवयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन। • कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन । • स्थानियकोष को संचालन, व्यवस्थापन र प्रतिवेदनमा एकरुपता र सुद्धता कायम गर्न महालेखा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	नियन्त्रक कार्यालयले उपलब्ध गराएको स्थानीय संचितकोष व्यवस्थापन प्रणाली (सुत्र) को व्यवस्थित तरिकाले प्रयोग गरेको देखिएन । • अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन । • स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन । • विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो। • पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो • वडा कार्यालयमा रहेका जिन्सी समान अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन • जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन । • मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ क अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानाकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको । • कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा से अनुसार गरेको पाईएन । • सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ खरिद अनुसार गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन । • ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन। • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन । • सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन । • संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन • सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन। • वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको छैन ।	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको २० जनाको दरबन्दी रहेकोमा ३ दरबन्दी रिक्त रहेको पाईयो । • सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ को दफा १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । • निजामती सेवा ऐन २०४९ को दफा ७ ख २ वमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.३१९८४३९९/- तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन । • मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।	
4.	**बैक नगदि किताव र बजेटसिट नराखेको:** पालिकाले कुनै पनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो भौचर अनुसार बैंकनगदि किताव र बजेटसीट राख्नु पर्दछ तर पालिकाले कोष लेखा नियन्त्रक कार्यालयको भुक्तानी आदेश मार्फत खर्च लेखिन बजेट उपशीर्षकहरु राष्ट्रिय परिचयपत्र तथा पंजिकरण, ३१४०१०११३ र ३१४०१०११४, गरिव संग विशेश्वर कार्यक्रम ३३६००१०२३, स्थानीय पूर्वाधार विकास साझेदानरी कार्यम्रम ३६५००१०४३, सामाजिक सुरक्षा तथा संरक्षण ३१४०१०१२३ को गोश्वरा भौचर सम्म उठाउने गरेको सोको बैंक नगदिकिताव र बजेटसिट राख्ने गरेको छैन । अत : पालिकाले कुनैपनि आर्थिक कारोवार गर्दा गोश्वरा भौचर उठाइ सो अनुसार बैंक नगदि किताव र बजेटसिट राख्नु पर्दछ ।	
5.	**सम्पत्ति हस्तान्तरणः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र स्थानीय तहले तयार गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सी लगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोबाईल फोन सेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन । यसरी जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउने र हिनामिना हुन सक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ ।	
	बजेट तथा कार्यक्रम	
6.	**बजेट पेश, पारित र अख्तियारी -** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	उपाध्यक्ष/उप प्रमुख श्री लक्ष्मीदेवी पन्थले मिति २०७६।३।१० गते रु.३७ करोड १६ लाख १८ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७६।३।१० मा पारित भएको छ ।	
7.	**अबण्डा बजेट**– स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो बर्ष रु.१ करोड ४८ लाख ३० हजार अबण्डा राखेको छ ।उक्त अबण्डा रकम कार्यपालिकाको को निर्णयबाट चालुतर्फ रु.२००००००/- र पुजीगततर्फ रु.१२८३०००० बजेट व्यवस्था गरी खर्च गरेको छ । बजेट अबण्डमा राखी कार्यपालिकाको निर्णयबाट खर्च गर्ने प्रक्रियामा नियन्त्रण गर्नुपर्दछ ।	
8.	**बजेट सीमा निर्धारण समितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।	
9.	**बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।	
10.	**चौमासिक पूँजीगत खर्चः** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ	

क्र.स.	बजेट उपशिर्षक	कुल खर्च	चौमासिक खर्च (रु हजारमा)			
			प्रथम चौमासिक	दोस्रो चौमासिक	तेश्रो चौमासिक	आषाढ महिना
१	चालु खर्चतर्फ	२३६९४५	५९३८२	२९३७०	१४८१९३	८११०६
२	पूँजिगत खर्चतर्फ	७८०९१	०	७००५	७१०८६	५२८४१
	जम्मा	**३१५०३६**	**५९३८२**	**३६३७५**	**२१९२७९**	**१३३९४७**
	प्रतिशत		**१८.८५**	**११.५५**	**६९.६०**	**४२.५२**

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ३१५०३६ हजार निकासा भएकोमा प्रथम चौमासिकमा रु.५९३८२ हजार अर्थात १८.८५ प्रतिशत, दोश्रो चौमासिकमा रु. ३६३७५, हाजर अर्थात. ११.५५ प्रतिशत र तेश्रो चौमासिकमा रु. २१९२७९ हजार अर्थात. ६९.६० प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १३३९४७ अर्थात. ४२.५२ प्रतिशत खर्च देखिनुले आषाढमा

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।	

11. **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	क्षेत्र	बजेट	खर्च	खर्च प्रतिशत जम्मा खर्चको तुलनामा
१	आर्थिक विकास	३७६५००००	१३०९९४६६	४.१६
२	पूर्वाधार विकास	९२०६८०००	४५१०६१०९	१४.३२
३	सामाजिक विकास	२४५०३७०७६	२०३५५०१९५	६४.६०
४	बातावरण तथा विकास	५९७५०००	५९१८५००	१.८८
५	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	३९४६०००	३५७५२२०	१.१४
६	अन्य कार्यालय संचालन तथा प्रशासनिक	६६९९४७९६	४३८१९४४९	१३.९१
	जम्मा	**४५१६७०८७२**	**३१५०६८९३९**	

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये समाजिक विकास मा सबैभन्दा बढी ६४.६० प्रतिशत र संस्थागत विकास र सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटीमा १.१४ प्रतिशत रहेको छ ।

12. **खर्च बिश्लेषणः** पालिकाले यस वर्ष कूल आन्तरिक आयबाट रु.८९०८२८१/- राजश्व वाडफाड र अनुदान वाट रु.४०३३५२४४८/-समेत रु.४१२२६०७२९/-आम्दानी भएकोमा चालु तर्फ रु.३०९५०५६२१/- र पूजिगत तर्फ रु.९२६४३४६४/- समेत रु.४०२१४९०८५/- खर्च भएको छ ।खर्च मध्ये आन्तरिक आयको हिस्सा २.२२ प्रतिशत रहेकव छ । यस वर्ष पदाधिकारीमा रु.६२५७७००/-खर्च भएको छ जुन आन्तरिक आयको ७०.२४ प्रतिशत रहेको छ । पालिकालाई पर्स सवै अनुदान र राजश्व वाडफाडको रकमबाट ७६.७३ प्रतिशत चालु र २२.९७ प्रतिशत मात्र पुजीगत निर्माणखर्च भएको देखिन्छ । यसबाट पालिकारुले विकास निर्माण कार्यक्रम संचालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा वढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजश्व वाडफाटको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनु पर्दछ ।

13. **लक्ष्य प्रगति :** कार्यालयले चौमासिक र बार्षिक स्तरक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।

कार्यक्रम/योजना	कुल कार्यक्रम	वार्षिक प्रगति स्थिती			
		शून्य प्रगती	२५%सम्म प्रगति	५०% सम्म प्रगति	७५% सम्म प्रगति
कार्यक्रम संख्या	२५७	३१	११	८	५

संगठन तथा कर्मचारी ब्यवस्थापन

14. **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित २० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित १७ जना पदपूर्ती भएको देखिन्छ ।

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
<tr><td>15.</td><td>कल्याण कोष- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष वित्तीय समानीकरणबाट कर्मचारी कल्याण कोषमा रु.१००००००/- ट्रान्सफर गरेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । यसरी कानूनको व्यवस्था नगरी पालिका अनुदानबाट सोझै कर्मचारी कल्याण कोषमा रकम ट्रान्सफर गर्न मिल्ने नदेखिएकाले उक्त रकम फिर्ता लिई स्थानीय तहको सञ्चित कोषमा दाखिला हुनुपर्ने रु.</td><td>१००००००</td></tr>
<tr><td>16.</td><td>कर्मचारी प्रोत्साहन भत्ता- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष मिति २०७६/३/२३ को गाउसभाको निर्णयलेकर्मचारी १३ जनालाई रु.६०००००/-प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएको रु.</td><td>६०००००</td></tr>
<tr><td>17.</td><td>स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कबेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>18.</td><td>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार ९ वटा ऐन, ३ वटा नियमावली र १२ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :
<table>
<tr><th>विवरण</th><th>जम्मा</th></tr>
<tr><td>स्वीकृत घरनक्सा दर्ता पास</td><td>०</td></tr>
<tr><td>पञ्जिकरणतर्फ</td><td></td></tr>
<tr><td>जन्मदर्ता</td><td>५७८</td></tr>
<tr><td>मृत्युदर्ता</td><td>१७३</td></tr>
<tr><td>बसाईसराई दर्ता</td><td>४१</td></tr>
<tr><td>विवाह दर्ता</td><td>१४९</td></tr>
</table></td><td></td></tr>
</table>

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

सम्बन्धविच्छेद दर्ता	३
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	०
कालोपत्रे सडक मर्मत	०
ग्राभेल सडक निर्माण	०
ग्राभेल सडक मर्मत	०

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोषजनक देखिएन ।

19. **योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७६/७७ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।

रु १ लाख सम्म	रु १ लाख देखि २ लाखसम्म	रु २ लाखदेखि ५ लाखसम्मका	रु ५लाख देखि १० लाखसम्मका	रु १० लाखभन्दा बढीको	जम्मा
१५२	६२	२६	१७	१२	२६९

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष जम्मा २६९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र १५५ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।

कानून निर्माण एवं कार्यान्वयन

20. **कानून र सञ्चालन स्थिति**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ४ वटा ऐन, २ वटा नियमावली, २ कार्यविधि लगायत ८ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले ८ वटा कानूनहरु निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वयनमा ल्याउनु पर्दछ ।

21. **न्यायीक समिति** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ६ र यो बर्ष थप भएको २६ गरी कुल ३२ विवाद दर्ता भएकोमा २६ वटा मात्र फछ्र्यौट भई ६ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

पदाधिकारी सुविधा

22. **पदाधिकारी पारिश्रमिक** - लुम्विनी प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ को दफा ३ मा स्थानीय तहका पदाधिकारी, सदस्य र सभाको सदस्यले आफु निर्वाचित भई

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
	अनुसूची-१ बमोजिम पद तथा गोपनियताको शपथ लिई आफ्नो पदको काम कारबाही शुरु गरेको मिति देखि मासिक सुविधा पाउने व्यवस्था गरेकोमा सम्मानीत सर्वोच्च अदातलको आदेशले २०७६ कार्तिक १ गते बाट लागू हुने गरी उक्त सुविधाहरु खारेज गरिएको छ । जसअनुसार लुम्विनी प्रदेश सरकारले प्रभम संशोधन गरी मिति २०७७/३/८ मा पारित गरेको उक्त पदाधिकारी सुविधा सम्बन्धी ऐनको अनूसूचि १(क),१(ख),१(ग) मा उल्लेख भएको सूविधामात्र दिन मिल्ने देखिन्छ । पालिकाले पदाधिकारीको मासिक पारिश्रमिक सुविधामा निम्नानुसार रु.१०४७०००।०० खर्च लेखेको देखिन्छ ।	

२०७६ श्रावण-असोज	अध्यक्ष	उपाध्यक्ष	वडा अध्यक्ष ६ जना	का.पा.सदस्य	सभा सदस्य	जम्मा
	९००००	८१०००	३६००००	१८००००	३३६००	१०४७०००

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२८.१	**निबत्तभरणलाइ सुबिधा भुक्तानी** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धित कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक,२०७६ तथा स्थानीय तहका पदाधिकारी सदस्यको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ मा निवृत्तभरण पाइरहेका पदाधिकारीले सुविधा पारिश्रमिक र निवृत्तिभरण दुवै लिन पाउने भनि स्पष्ट किटान नगरेको अवस्थामा पालिकाबाट प्राप्त बिबरण अनुसार देहायका पदाधिकारीहरुले दोहोरो सुविधा लिएको देखिएको हुदाँ भूक्तानी लिने नलिने सम्बन्धमा बिधेयकले स्पष्ट व्यवस्था गरेको देखिएन ।	

क्र.सं	विवरण	रकम
१	उपध्यक्ष श्री लक्ष्मि देवि पन्थ २०७६ श्रावण-असोज २७००० को दरले ३ महिना	८१०००
२	वडा नं.२ वडाध्यक्ष घनश्याम अर्याल २०७६श्रावण-असोज २०००० को दरले ३ महिना	६००००
३	वडा नं. ३ भेषनारायण पौडेल २०७६श्रावण-असोज २०००० को दरले ३ महिना	६००००
	जम्मा	**२०१०००**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
23.	**स्थानीय तहका पदाधिकारी सुविधा :** नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार लुम्बिनी प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.५२१०७००/- सुविधा वापत भुक्तानी भएको छ ।	

सि. नं	विवरण	अध्यक्ष	उपाध्यक्ष	वडाअध्यक्ष ६ जना	कार्यपालिका सदस्य ५ जना	सभाका सदस्य १७ जना	जम्मा
१	बैठक भत्ता	५५६००	५७८००	३८९९००	१८५३००	३९३३००	१०८१९००
२	यातायात खर्च	००	१०८००	५२०००	२७००००	४६५०००	७९७८००
३	टेलिफोन,मोबाइल	३१५००	२७०००	१७००००	१३५०००	३८७५००	७५१०००
४	पुस्तक,पत्रीका, ईन्टरनेट	३६०००	३६०००	१५६०००	१३५०००	३१००००	६७३०००
५	समन्वय तथा सहजीकरण	९००००	७२०००	३१२०००	२२५०००	४६५०००	११६४०००
६	अतिथि सत्कार	५४०००	४५०००	२०८०००	००	००	३०७०००
७	खानेपानी/बिजुली/मर्मत/सरसफाई	९००००	९००००	००	००	००	१८००००
८	चाडपर्व खर्च	१५०००	१५०००	५००००	५००००	१२६०००	२५६०००
	जम्मा	**३७२१००**	**३५३६००**	**१३३७९००**	**१०००३००**	**२१४६०००**	**५२१०७००**

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम
२३.१	**निबृत्तिभरणलाइ सुबिधा भुक्तानी** स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुले पाउने सुविधा सम्बन्धित कानूनमा संसोधन र एकिकरण गर्न बनेको विधेयक,२०७६ तथा स्थानीय तहका पदाधिकारी सदस्यको सेवा सुविधा सम्बन्धि ऐन, २०७५ मा निवृत्तभरण पाइरहेका पदाधिकारी ले सुविधा पारिश्रमिक र निवृत्तिभरण दुवै लिन पाउने भनि स्पष्ट किटान नगरेको अवस्थामा पालिकाबाट प्राप्त बिबरण अनुसार देहायका पदाधिकारीहरुले दोहोरो सुविधा लिएको देखिएको हुदाँ भूक्तानी लिने नलिने सम्बन्धमा बिधेयकले स्पष्ट	

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

व्यवस्था गरेको देखिएन ।

नाम थर २०७६कार्तिक-असार	यातायात	पत्रपत्रिका	टेलिफोन	अतिथी	जनसम्पर्क	खानेपानी	मर्मत	जम्मा
उपाध्यक्ष लक्ष्मी पन्थी	१०८०००	३६०००	२७०००	४५०००	७२०००	४५०००	४५०००	३७८०००
वडाअध्यक्ष घनश्याम अर्याल	९००००	२७०००	२७०००	३६०००	५४०००	००	००	२३४०००
वडाअध्यक्ष शेष नारायण पौड्याल	९००००	२७०००	२७०००	३६०००	५४०००	००	००	२३४०००
गापा सदस्य पर्शुराम शर्मा ज्ञावली	२७०००	१८०००	२२५००	००	२७०००	००	००	९४५००
गापा सदस्य शालिकराम ज्ञावली	२७०००	१८०००	२२५००	००	२७०००	००	००	९४५००
जम्मा								१०३५०००

24. **विविध खर्च** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष विविधतर्फ रु.१६१६३९०/४८ खर्च गरेको छ ।

अनुदान फिर्ता, वितरण र उपयोग

25. **अनुदान फिर्ता —** संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु.६००२२२६५/- ०७७/०७८ श्रावण भाद्र असोजमा दाखिला भएको छ । फिर्ता गर्नुपर्ने रकम समयमा फिर्ता गर्नु पर्दछ ।

अनुदान प्रदान गर्ने निकाय	अनुदानको प्रकार	प्राप्त रकम	खर्च रकम	बाँकी रकम
संघीय सरकार	शसर्त	२११२३६९३०	१७४८१८२६८	३६४१८६६२
	विषेश	१४५०००००	१८६२६९	१४३१३७३१
	समपुरक	४००००००		४००००००
प्रदेश सरकार	शसर्त	८००००००	६५२०५८७	१४७९४१३
	विषेश	८२०००००	७२३९०५२	९६०९४७
	समपुरक	१५०००००००	१२१५०४८८	२८४९५१२
	जम्मा	**२६०९३६९३०**	**२००९१४६६४**	**६००२२२६५**
	फिर्ता पठाएको			६००२२२६५
	वाँकि			००

26. **ठेक्का व्यबस्थापनः** सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छ । (रु.हजारमा)

कुन निर्माण खर्च	सोझै खरिद		सिलबन्दि दरभाउपत्र		बोलपत्र		तेस्रो चौमासिकमा व्यवस्था भएको	
	संख्या	रकम	संख्या	रकम	संख्या	रकम	संख्या	रकम
१२१५१					६	१२१५१	५	७२७३

27. **बार्षिक खरिद योजना/गुरुयोजना** : सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ।यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.९२६४३४६४/८०/- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।	
	कर दस्तुर एवं आन्तरिक आय	

28. **आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.७५००००/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७६।७७ मा रु.२२९०५५५/१९ अर्थात अनुमान भन्दा ३०५.४१ प्रतिशत बढी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

29. **आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७६।७७ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
९८२२८७२९/८७	२७३४६२६४/२७	२७.८४

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा २७.८४ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

30. **कर तथा शुल्क असुली-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
एकीकृत सम्पत्ति कर र घरजग्गा कर	२८००००	७५५३६०/३९	२६९.७७
घरजग्गा वहाल कर	१५००००	४७८७३६/८०	३१९.१६
व्यवसाय कर	३२००००	१०५६४५८	३३०.१४

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

31. **असुली गर्न बाँकी आन्तरिक आय-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ९ वित्तीय अधिकार क्षेत्र अन्तगत विभिन्न कर तथा शुल्क लगाउने र आय ठेक्का बापत बक्यौता रकम समेत असुली गर्ने व्यवस्था छ । यस स्थानीय तहले विगत र यो वर्ष बन्दोबस्त गरेको आन्तरिक आय ठेक्कामा रारा निर्माण सेवाबाट कालिगण्डकि नदि क्षेत्र गिट्टि, वालुवको ठेक्का वापत प्रापत हुन बढी रु.३०००००/- गाउँ कार्यापालिकाको मिति ०७७/३/३ को निर्णयले छुट दिएको पाईयो ।

सि.नं.	ठेकेदारको नाम	आय ठेक्काको नाम	सम्झौता रकम	दाखिला रकम	बाँकी रकम
१	राना निर्माण सेवा	ढुङ्गा गिटि	४७०८१७७	४४०८१७७	३०००००

मिति २०७४/४/३ को कार्य पालिकाको वैठकले छुट दिने निर्णय गरेको उल्लेख छ । यस प्रकार कार्य पालिकाले राजश्व छुट दिन पाउने ऐन नियममा व्यवस्था भए सोको प्रमाण पेश गर्नुहुने अन्यथा असूल गर्नु पर्नेमा छुट दिइनु नियम सम्मत पाइएन ।

32. **स्थानीय तहरूको विभाज्य कोष-** प्रदेशहरुको आन्तरिक आय व्यावस्थापन गर्न बनेको कर तथा गैरकर

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	राजस्व सम्बन्धी ऐन, २०७५ को दफा १५ मा ढुङ्गा, गिट्टी, बालुवा, दहत्तर बहत्तर शुल्क मानोरञ्जन कर लागतका शुल्क तथा करको सङ्कलनबाट उठेको शुल्क मध्ये साठी प्रतिशतले हुने रकम स्थानीयतहले स्थानीय सञ्चित कोषमा राखी चालिस प्रतिशतले हुने रकम मासिक रुपमा प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहले बाडफाड गर्नुपर्ने बिभाज्यकोषको हिसाव राखेका छैनन । जसबाट अतिरिक्त बिज्ञापन, मनोरन्जन कर यर्थाथ असुलीका अभिलेख नहुदा बिभाज्यकोषको बारेमा एकिन हुन सकिएन । अभिलेख प्रणाली व्यवस्थित गरी बिभाज्यकोषको रकम बाडफाड गर्नुपर्दछ ।	
33.	**व्यवसाय कर-** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.१०५६४५७/- कर संक गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छ्रन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छ्रन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।	
34.	**गिट्टी, ढुंगा, बालुवाको करः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ को उपदफा१(च), ३ र ४ मा ढुंगा, गिट्टी र बालुवाको करमा प्रदेश तथा स्थानीय तहहरुको दोहोरो अधिकार रहने, करको दर सम्बन्धित प्रदेशले निर्धारण गरी स्थानीय तहहरुले संकलन गरेर प्रदेश स्तरको कोषमा जम्मा गर्ने व्यवस्था गरी प्रदेशले लागु गरेको कानुन अनुसार बाँडफाँड हुने गरेको मा उक्त दफा संघीय आर्थिक ऐन, २०७५ द्वारा खारेज गरी दफा ६२(क) थप गरेर स्थानीय तहहरुले गिट्टी, ढुंगा, बालुवा बिक्री गरी प्राप्त रकम आफ्नो संचित कोषमा जम्मा गर्ने गरी सो करमा स्थानीय तहहरुको एकल अधिकार कायम गरेको देखिन्छ तर सो अनुरुप प्रदेशहरुले तर्जुमा गरेका कानूनहरु संशोधन गर्नु पर्नेमा नगरेको कारण सो करको बाँडफाँडमा अस्पष्टता देखिएको छ।यस्तो अवस्थामा संघीय कानून अनूसार नै गर्नु पर्दछ।त्यस अतिरिक्त दफा ६२(क) विपरित हुने गरी संघीय मन्त्रीपरिषद्ले ढुंगा, गिट्टी, बालुवा उत्खन्न, बिक्री तथा व्यवस्थापन सम्बन्धी मापदण्ड, २०७७ जारी गरी थप अस्पष्टता सृजना गरेको अवस्था समेत देखियो। स्पष्ट कानूनी व्यवस्था गरी गिट्टि, ढुङ्गा,वालुवा करको संकलन तथा बाँडफाँड गर्नुपर्दछ ।	
35.	**राजश्व अभिलेखः** कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा सोको पुरा अभिलेख पालिकामा आएको देखिएन । अधिल्लो आ.व.को बाँकी के कति छन एकिन गर्न सकिएन । कार्यालयबाट सवै वडाहरुमा पनि स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानुपर्दछ । यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ । यसको सम्बन्धमा तहाँ कार्यालयबाटै यकिन गर्नुपर्दछ । अतः कार्यलयले आगामी दिनमा रसिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत व्यवस्थापन सम्बन्धमा विशेष ध्यान पुऱ्याउनुपर्ने देखियो ।	
36.	**राजश्व दाखिलाः** आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने व्यवस्था छ । साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले १० दिन सम्म ढिला गरेको भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए १५ प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून बमोजिम बिभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ । कार्यालय अन्तर्गत ६ वटा वडा र पालिकाबाट प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन । यसरी ढिला हुने गरी राजश्व रकम बैक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ । कार्यालयले	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	सम्पूर्ण वडा कार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र बैकमा दाखिला गरेको विवरणमा कार्यालयले विशेष ध्यान दिनुपर्दछ ।	
	उपभोक्ता समिति मार्फत कार्य	
37.	**प्राविधिक बिल र कार्य सम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नम्र्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।	
38.	**लागत सहभागिता-** पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।	
39.	**हेभी इक्विपमेण्टको प्रयोग** -सार्वजनिक खरिद नियमावली,२०६४को नियम९७(९) मा उपभोक्ता समिती वा लाभग्राही समुदायबाट संचालित हुने निर्माण कार्यमा रोलर, एक्साभेटर, डोजर, ग्रेडर, विटुमिन डिस्ट्रिव्यूटर, विटुमिन व्याइलर जस्ता हेभि मेशिन प्रयोग गर्न नपाईने, तर लागत अनुमान तयार गर्दको समयमा हेभी मेशिन पर्योग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनि उल्लेख भएको र सम्बन्धित प्राविधिको सीफारिसमा सार्वजनिक निकायबाट सहभती लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने व्यवस्था छ । गाउपालिका द्वारा उपभोक्ता समिति मार्फत सडक निर्माण तथा मर्मत सुधार सम्बन्धि काममा तपसिल अनुसार देखिन आएको छ । (क) लेखापरीक्षणका समयमा पेश भएका ड्राइङ,डिजाइन, लागत अनुमान तथा सम्झौतामा हेभि मेशिन पर्योग गर्नु पर्ने जटिल प्रकृतिको कार्य हो भनि खुल्ने आधार/प्रमाण नपाइनुका साथै सम्बन्धित प्राविधिक वाट त्यस सम्बन्धि सीफारिश भएको देखिएन । (ख) सार्वजनिक खरिद ऐन २०६३ को दफा ४४ ले उपभोक्ता समिति वा लाभग्रही समुदायलाई कार्य गराउनको लागी पुर्वशर्तको रुपमा राखेको दिगोपनाको अभिवृद्धिल विकास कार्यक्रमको बातावरण संगको अन्तरसम्बन्ध तथा निर्मित संरचनाको स्थायित्वलाई समावेश गर्ने सैद्धान्तिक परिवेशमा उपरोक्त अनुसार भारी उपकरण प्रयोगको अनुपाल बढ्दै जादा समग्र प्रकृतिक वातावरण क्षति हुने जोखिम देखिन आउछ । अर्को तर्फ सोहि दफाले परिकल्पना गरेको रोजगारी श्रृजना सम्बन्धि अवधारणा पनि संकट परेको देखियो । (ग) सार्वजनिक खरिद नियमावली, ०२६४ को नियम ९७(१०) मा उपभोक्ता समिती वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्याक्टरबाट काम गराउन सकने छैन भनि स्पष्ट उल्लेख छ । त्यस्तै नियम ९७ (१३क) मा उपभोक्ता समिति वा लाभग्रही समुदायले प्राप्त गरेको कुनै कममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समुदायसंग भएको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समिति	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम

वा लाभग्राही समुदायलाई भविष्यमा त्यस्तो किसिमको कुनै कामगर्न नदिने अभलेख राखी सो काम गर्ने निर्माण व्यावसायिलाई कालो सूचीमा राख्न सार्वजनिक रखिद अनुगमन कार्यालयमा सिफारीस गर्नु पर्ने स्पष्ट व्यवस्था छ । पालिकामा उपभोक्ता समितिले भुक्तानी लिने प्रयोजनको लागि पेश गरेको विल भर्पाइ तथा निर्णय अनुसार अधिकांश सडकहरु हेभि मेशिन पर्योग गर्ने कार्य लागन अनुमान तयार गरेको र उपभोक्ता समितिले निर्माण व्यावासयी मार्फत काम गराएको देखियो ।उपभोक्ता समितिले स्थानीय श्रोत साधन र श्रम उपयोग नगरी निर्माण व्यावसयीबाट काम गराउदा परोक्ष्य रुपमा ठेक्कापट्टा भएको स्थिति छ । यसमा नियन्त्रण हुनुपर्छ ।उपभोक्ता समितिले निर्माण कार्यको सम्झौता गरी निम्न निर्माण व्यवसायीबाट काम गराएको छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	खर्च रकम	निर्माण व्यवसायिको नाम	विल रकम
स्थानीय पूर्वाधार तर्फ				
१-०७७/३/३१	रातामाटा कफि अनुसन्धान केन्द्र मोटर बाटो स्तरोउन्नति उ.स	४८५१७३०	पनोरमा निर्माण सेवा एण्ड कम्पनि प्रा.लि. शुभ रुरु कन्स्ट्रकसन प्रा.लि	३२५५२६७ १८१५५९८
			जम्मा	**५०७०८६५**
४-०७७/३/३१	रिडी भट्कुवा मोटरबाटो स्तरोन्नति योजना निर्माण उ.स	९७५०००	शुभ रुरु कन्स्ट्रकसन प्रा.लि	१०८३७४८
गा.पा पुजिगत तर्फ				
११-०७६/१०/२७	वडा नं. ६का सम्पुरण मोटरबाटो मर्मत सुधार उ.स	९७५०००	शुभ रुरु कन्स्ट्रकसन प्रा.लि	१०७६९३४
२२४-०७७/३/३१	बलेटक्सार कान्रे श्रिन्गेश्वरी प्रा.वि धरमपोखरा मोटरबाटो उ.स	४८३१६३५	शुभ रुरु कन्स्ट्रक्सन प्रा.लि शुभ सगरमाथा कन्स्ट्रक्सन प्रा.लि	९३३२९८ ३८१३३०१
				४७४६५९९
६-०७६/१०/२४	वडा नं. ३ का सम्पूर्ण मोटरबाटो मर्मत उ.स	६५०१८७	कृष्ण निर्माण सेवा	३१३७९४
१०-०७६/१०/२६	वडा नं.२ का सम्पूर्ण मोटरबाटो मर्मत उ.स	८७७५००	रुरु कन्स्ट्रक्सन प्रा.लि	९४६५३५
२५-०७६/११/२८	वलेटक्सार ट्वागाँ हुँगा मोटरबाटो विस्तार योजना उ.स	८७७५००	पनोरमा निर्माण सेवा एण्ड कम्पनि प्रा.लि	४३८७४१
			शुभरुरु कन्स्ट्रकसन प्रा.लि	६५२८०१
			जम्मा	**१०९१५४२**
२६-०७६/११/३०	राम्चे आम्पाटा डुमिखर्क आटिपाटा मोटरबाटो उ.स	६८२५००	शुभ रुरु कन्स्ट्रक्सन प्रा.लि	७७५२००
३०/०७६/१२/७	झान्द्रेक भुलुवा साहा घाट मोटरबाटो उ.स	५८५०००	शुभ रुरु कन्स्ट्रक्सन प्रा.लि	६५०७३९
६०-०७७/२/५	बले टक्सार पार्किङ्ग स्थल निर्माण उ.स	७७७३७०	शुभ सगरमाथा कन्स्ट्रक्सन	४६७७९४
४२-०७७/१/७	सइन डाडा जलुके वडहरे मोटर बाटो निर्माण उ.स	४८७५००	शुभरुरु कन्स्ट्रक्सन प्रा.लि	५५५९०१
१६४-०७७/३/२६	पागा वागखोर मोटरबाटो निर्माण उ.स	७५७८२१	जय मालिका कन्स्ट्रक्सन	३७०४२२
१९१-०७७/३/२९	जलुके भेरक मोटरबाटो विस्तार उ.स	४३४५१६	शुभ रुरु कन्स्ट्रकसन प्रा.लि	४३४७७४
१९४-०७७/३/२९	श्रृङगार भगवति धुर्चुले मोटरबाटो निर्माण उ.स	४३८७५०	पनोरमा निर्माण सेवा एण्ड कम्पनि प्रा.लि	४८९६२४
२१३-०७७/३/३१	म्याल पोखरी चाउके मोटरबाटो स्तर विकास उ.स	६६७८४५	कृण निर्माण सेवा	२६७४६२

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

40. **जटिलसंरचना निर्माण**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत् गराउन उपयुक्त हुने देखिन्छ । नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् ।

गोभौनं./मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	सम्पन्न रकम	भुक्तानी रकम
३३-०७६/१२/७	५ नं. वडा कार्यालय भनव निर्माण उ.स	भवन निर्माण	२४३६७८८	१७८१७०६
२-०७७/३/३१	चौतारा खा.पा.योजना निर्माण उ.स	डिप वोरिङ्ग	३३२१५९२	२६०४०३४

41. **जनश्रमदान**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । जस अनुसार निम्न निर्माण कार्य गर्दा उपभोक्ता समिति मार्फत गराउँदा उपभोक्ता समिति र पालिकाले बेहार्ने अंश उल्लेख गरी सम्झौता भएको देखिन्छ । तर निर्माण कार्य सम्पन्न गर्दा घटी मूल्यांकन भएको अवस्थामा अनुपातिक कट्टी गरी भुक्तानी दिनुपर्नेमा सो गरेको नदेखिएको देहायअनुसारको रकम असूल हुनुपर्ने रु. १०४८६३

गोभौनं./मिति	उपभोक्ता समिति र काम	सम्झौता रकम	पालिकाले व्यहोर्ने रकम	कार्य सम्पन्न रकम	पालिकाले व्यहोरेको रकम	अनुपालिक व्यहोर्नुपर्ने रकम	असुल गर्नुपर्ने
१०।०७६/१०/२२	वडा नं. २ का सम्पूर्ण मोटरबाटो मर्मत उ.स	१०१७२७४	८७७५००	९८३१८६	८७७५००	८४८०९६	२९४०४
२५।०७६/११/२८	वलेटक्सार त्वगाँहुंगा मोटर बाटो विस्तार योजना	१०९६९०७	८७७५००	१०८२७३५	८७७५००	८६६१६३	११३३७
१८१।०७७/३/२९	लिसेपानी मर्सेटा वडरखर्क चिर्तुम वृहत खा.पा.उ.स	८५४७३२	६८२५००	७४९४८४	६६२५८२	५९८५००	६४१२२
						जम्मा	१०४८६३

42. **सम्झौता अनुसार कार्य नभएको** - समिति संग निर्माण कार्य गर्दा एक आर्थिक वर्ष भित्र सम्पन्न हुनेगरी गर्न पर्दछ । पालिका र उपभोक्ता समिति विच यस आर्थिक भित्र सम्पन्न गर्ने गरी सम्झौता भएको तर उपभोक्ता समितिले यस वर्ष सम्झौता बमोजिम कार्य नभएको अवस्था छ । सालवसाली रुपमा बजेट विनियोजन हुने यस्ता योजनाहरुको कार्यसमयमा सम्पन्न नहुदा पालिकाको विकास निर्माणको कार्य प्रभावित भएको हुनुको साथै आ.व.२०७७/७८ मा समेत उक्त योजना बजेट बिनियोजन भएको पाइएन । तसर्थ समयमै सम्झौता अनुसार कार्य सम्पन्न गराउने गर्ने पर्दछ ।

उपभोक्ता समितिको नाम	सम्झौता मिति	सम्पन्न गर्नु पर्ने अवधि	सम्झौता रकम	यस वर्ष काम भएको	प्रतिशत
भुल्के खोला लिफट खा.पा योजना उ.स	०७६/६/२७	०७७/३/३१	३६५७२३८	२२७५४४०	६२.२१
वडार बान्देरखेत सिचाइ कुला मर्मत उ.स	०७६/९/२९	०७७/३/२४	५१४५८३	१८६८३३	३६.३०
ग्वादि प्रा.वि क्पाउणड वाल	०७७/१/२२	०७७/३/३०	१०३८६४८	६२९३७३	५८.०८
श्रृगी ऋषिको शालिक निर्माण रुरु ४	०७६/१०/१६	०७७/३/३१	१२४४६१९	६००७३३	४८.२६

गो.भौ.नं.मिति	उपभोक्ता समितिको नाम	लागत अनुमान	सम्पन्न कार्य	भुक्तानी रकम	लागतअनुमानको आनुपातमा सम्पन्न कार्यको प्रतिशत

दफा	भौ.नं, मिति र ब्यहोरा	बेरुजू रकम

२२६-०७७/३/३१	अमराइ सिचाइ पोखरी निर्माण उ.स	६०९३७७९	२२५३००१	१७४३४६५	३६.९७

43. **उपकोक्ता समितिको विलभर्पाइ :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ को उपनियम ६ र ७ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, बिल भर्पाइ र खर्च प्रमाणीत गर्ने अन्य कागजात त्यस्तो समित वा समुदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक नकायमा पेश गर्नुपर्ने र आपुले प्रत्येक किस्तामा गरेको खर्चकव सूचना सार्वजनिक स्थानमा टास गर्नुपर्ने व्यवस्था छ । उपभोक्ता समिति ले गरेको कामको विल भर्पाइ र खर्च प्रमाणित गर्ने कागजातहरु उपभोक्ता समितिलेको वैठकबाट अनुमोदन गराई कार्यालयमा पेश गर्ने तथा प्रत्येक किस्ताको खर्च विवरण सार्वजनिक स्थानमा टास गर्ने गरेको छैन । साथै उपभोक्ता समितिले पेश गरेको डोर हाजिर फारममा जाचगर्ने, स्विकृत गर्ने पदाधिकारीबाट दस्तखत नभएका डोर हाजिर फारामहरु समावेश गर्ने गरेको छ । अतः खर्चको विवरण सार्वजनिम स्थानमा टास गरेकव प्रमाण र डोरहाजिर फाराम जाच गर्ने स्विकृत गर्ने पदाधिकारीबाट दस्तखत गरी प्रमाणीत भएको आधारमा मात्र खर्च भुक्तानी गर्नु पर्छ । उदाहरणको लागि जाच गर्ने र स्वीकृत गर्ने पदाधिकारीबाट दस्तखत नगराई पेश गरेका डोरहाजिर फारमाहरु निम्न उपभोक्ता समितिबाट पेश गरिएको छ ।

गो.भौ.नं. मिति	उपभोक्ता समितिको नाम	प्राविधिक मूल्याङ्कन रकम	डोर हा.फा.रकम
२२६-०७७/३/३१	अमराइ सिचाइ पोखरी निर्माण उ.स	२२५३००१	९८०९९०
२१७-०७७/३/३१	जरुवा खोल्सा मज्देउ वादि लिफटिङ खा.पा.योजनाउ.स	६०९५४२४	४२६७९४०

44. **लागत अनुमान र कार्य सम्पन्न मूल्याङ्कन समान रहेको:** पालिकाले निम्न उपभोक्ता समितिहरु सँग काम गराउने को लागि तयार गरिएको लागत अनुमानमा कुन बाटो मर्मत सुधार गर्ने र कुन बाटोको कुन चेनेजमा पहिरो पन्छाउनु पर्ने नखुलाई लम्वाइ चौडाइ र उचाइ ले हुने परिमाण मात्र उल्लेख गरी तयार गरेको लागत अनुमानको क्वान्टिटि सित नै प्राविधिक मूल्याङ्कन हुदा संलग्न गरी ठेक्का विल तयार गरि भुक्तानी गरेको देखियो । अत : लागत अनुमान तयार गर्दा बाटोको नाम चेनेज मर्मत खुल्ने गरी तयार हुनुपर्छ र लागत अनुमान अनुसार सम्झौता गरी काम भए अनुसार फिल्डमा भएको वास्तविक कामको नापी किताव तयार भएको आधारमा प्राविधिक मूल्याङ्कन ठेक्का विल तयार गरि मात्र उपभोक्ता समितिलाई भुक्तानी गर्नु पर्दछ । लागत अनुमान गर्दा क्वान्टिटि सित तयार गरेकै संलग्न गरी प्राविधिक मूल्याङ्कन भएको केही उदाहरण हरु.

गो.भौ.नं. मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	लागत अनुमान तथा सम्पन्न काम	भुक्तानी रकम
११-०७६/१०/२७	वाड नं. ६ का सम्पूर्ण मोटर बाटो मर्मत सुधार उ.स	लम्वाइ ३५००० मि.बाटो मर्मत र पहिरो पन्छाउने काम	१०८३३७५	९७५०००
६-०७६/१०/२४	वाड नं. ३ का सम्पूर्ण मोटर बाटो मर्मत सुधार उ.स	वडा को सम्पूर्ण वाटो मर्मत र पहिरो पन्छाउने काम	६५०१८७	५८५०००
२६-०७६/११/३०	राम्चे आमपाटा डुम्रीखर्क आटीपाटा मो.वाटो उ.स	००+९७० मिटर बाटो खन्ने	७५८४०८	६८२५००
३०/०७६/१२/७	झन्द्रेक चलुवा साहाधार मो..उ.स	०००+४२४० मिटर बाटो	६५०५५५	५८५०००
४२-०७७/१/७	सरनडाडा जलुके वडहरे मो.वा.उ.स	००+३२७० मिटर बाटो	५४१६७५	४८७५००
२-०७६/९/२१	वलेटक्सार मुख्य मार्ग मर्मत सम्हार योजना	२९८८५ मिटर मा सम्याउने र पहिरो पन्छाउने काम	१०२९३०८	९२६२५०

45. **म्याद थप सम्बन्धमाः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० मा निर्माण व्यवसायीले सम्झौताको अवधि भित्र काम पुरा गर्न नसकिने भएमा सम्झौता को म्याद सकिनु कम्तिमा २१ दिन भित्र कारण समितको म्याद थपको लागि निवेदन दिनुपर्ने व्यवस्था छ । तर निर्माण व्यवसायीहरुले नियमानुसार सम्झौता सकिनु कम्तिमा २१ दिन अगावै म्याद थपको निवेदन दिएको देखिएन । म्याद तपको लागि

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम

दिएकव निवेदन पालिकामा दर्ता समेत गर्ने गरेको पाइएन । अतः म्याद थपका लागि दिएको निवेदन पालिकामा गर्दा गर्ने र जियमानुसारको अवधि भित्र उचित कारण सहित म्याद थपको निवेदन नदिने निर्मण व्यवसायीलाई नियम १२१ बमोजिम पूर्वनिर्धारित क्षति पूर्ति समेत लिई कार्य सम्पन्न गर्ने गराउने तर्फ ध्यान दिनु पर्छ ।

निर्माण व्यावसायीको नाम	कामको विवरण	सम्झौता रकम	सम्झौता अवधि	म्याद थप निवेदन
आइसा आरति निर्माण सेवा	आय पोखरा लामाखर्क झमादि तालखोला मोटरबाटो निर्माण	३६३८३९५	०७६/१०/२३ ०७७/०१/२२	०७७/१/२३
सिद्धवावा कन्स्ट्रक्सन निर्माण सेवा	वेसिका चौर सिचाइ योजना	३९७६५८०	०७६/११/१५ ०७७/२/१५	०७७/३/३०
आइसा आरति निर्माण सेवा	वडा नं.३ कार्यालय भवन निर्माण	४६५५३४४	०७७/१/२८ ०७७/४/२७	०७७/४/३२

46. **विमा सम्बन्धमाः** सार्वजनिक खरदि नियमावली २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक १० लाख रुपैया भन्दा बढि मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायिले निर्माण सामाग्रि प्रयोग गरिने, मेशिन, औजार प्लान्ट लगायत निर्माण कार्यकव पूर्ण प्रतिस्थापन खर्च समेतको विमा गर्नुपर्ने उल्लेख छ । निम्न निर्माण व्यवसायीले निम्न वमोजिमको ठेक्का सम्झौता भएको छ नियमानुसार विमा गरेको देखिएन अतः पालिकाले निर्माण व्यवसायीलाई निर्माण कार्यको नियमानुसार विमा गर्ने गराउने तर्फ ध्यान दिनुपर्छ ।

निर्माण व्यावसायीको नाम	कामको विवरण	सम्झौता रकम
सिद्धबाबा कन्स्ट्रक्सन निर्माण सेवा	वेसिका चौर सिचार योजना	३९७६५८०
आइसा आरति निर्माण सेवा	आम पोखरा लामाखर्क झमादि मो.वाटो	३६३८३९५
आइसा आरती निर्माण सेवा	वडा नं. ३ कार्यालय भवन निर्माण	४६५५३४४

47. **स्थानिय पूर्वाधार विकास कार्यक्रम तर्फः** १-०७७/३/१३ रातामाता कफि अनुसन्धान केन्द्र मोटरबाटो स्तरोन्नति उपभोक्ता समितिसंग बाटो निर्माण कार्यको लागत अनुमान रु.५४१६६८९/- मा जनसहभागिता रु.५४१६८९/- र पालिकाले रु.४८७५०००/- व्यहोर्ने गरि सम्झौताभई कार्य सम्पन्न गरी प्राविधिक मूल्याङ्कन रु.५४१६६८९/- मा उपभोक्ता समितिलाई रु.४८५१७३०/- भुक्तानी गरेको छ । लागत अनुमान तयार गरी चेनेज ००+००० देखि ४+१७० सम्म ३७२२५.०९ घन मिटर विमिन्न प्रकारको माटो र चट्टान काट्ने लागत अनुमान तयार गरिसकेपछि १२८५ मिटर मा माटो सम्याउने कार्य १५४२ घन मिटर र १५५ मिटरमा पहिरो पन्छाउने ६७४.२५ घ.मि हेभिमेशिन प्रयोग दर क्रमश ५०- र ४०/- ले जम्मा रु.१०४०७०/- को लागत अनुमान तयार भए अनुसार उपभोक्ता समिति संग सम्झौता भई भुक्तानी भएको छ । अतः चेनेज ०+००० देखि ४+१७० मा ढुगा माटो कटिङ्ग को कार्य को लागत अनुमान भित्र उक्त कार्यहुने भएकोले यस प्रकार छुट्टै लागत अनुमान तयार गर्नुपर्ने कारण तथा पुष्ट्याइ उल्लेख नगरि लागत अनुमान तयारी सम्झौता गरी भुक्तानी भएकोले समबन्धित प्राविधिक समेत जिम्म्वार वानाइ सम्झौता को अनुपातमा उपभोक्ता समित संग असूल हुनुपर्ने रु. — बेरुजू रकम: ९३६६२

48. **सम्झौता समेत पेश नभएकोः** ३-०७७/३/३१ शिक्षा विकास योजना गुल्मि लाई विद्यालय शिक्षा सुधार कार्यक्रम रु.१००००००/- बजेट व्यवस्थापन भएको रकमबाट डाटा क्राफट टेक्नोलोजि प्रा.लि लाई प्रति विद्यालय १६३७५/- का दरले ५८ वटा विद्यालयमा वेभसाइट को व्यवस्था गराएको रु.९४९७५०/- र डायरी तथा खाना खाजा खर्च रु.५०२५०/- गरी १००००००/- खर्च लेखेको मा डाटा फाफट टेक्नोलोजि प्रा.लि संग भएको सम्झौता र विद्यालयहरुमा वेभसाइट व्यवस्था भएको प्रमाण तथा डाटा क्राफट टेक्नोलोजि प्रा.लि. ले रकम बुझेको प्रमाण समेत संलग्न नगरी खर्च लेखेकोले उक्त प्रमाण पेश हुनपर्ने रु. — बेरुजू रकम: १००००००

सशर्त कार्यक्रमतर्फ

49. **प्रधानमन्त्री रोजगार कार्यक्रम-** स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत

दफा	भौ.नं., मिति र व्यहोरा	बेरुजू रकम
	गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम गाउँपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन/बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । कामका लागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सी दाखिला नभएको, अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष २३६ जनालाई रोजगारी उपलव्ध गराई रु.२०९४४४६/- खर्च गरेको छ । लक्षित वर्गलाई २६ दिनदेखि २८ दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन ।	
50.	**कोभिड विशेष कृषि कार्यक्रम २०७७:** कोभिड-१९ का कारण भविष्यमा वेरोजगारी बढ्न र दिर्घकालमा खद्य संकट पर्न सक्ने बढी प्रभावित भएका ज्यालादारी, मजदुर र साना कृषकहरुलाई व्यावसायिक खेती, रोजगारी तथा आय आर्जनमा सघाउने र भारत लगायत विदेशबाट आउने तरकारी आयातलाई घटाई व्यापार घाटामा पनि कम गराउन कोभिड लक्षित व्यावसायिक तरकारी प्रवद्धन कार्यक्रम संचालन तथा वैदेशिक रोजगारीमा गई भारत लगायत अन्य देशबाट फर्केर युवाहरुलाई कृषि क्षेत्रमा रोजगारी श्रृजना गरी भविष्यमा आउन सक्ने दौय संकटको समस्या समाधान गर्न समेत सहयोग पुग्ने उद्देश्य राखी विदेशबाट फर्केका र व्यावसाय उन्मुख कृषकहरुलाई कृषि विकास प्रोत्साहन कार्यक्रम संचालनको लागी आर्थिक वर्षको अन्त्यमा रु.३४००१३३/- प्राप्त गरी १७१ जनालाई रु.३३२७४६०/- खर्च लेखेको छ । पालिकाले यस कार्यक्रम बाट सहयोग पाउनेहरुको विवरण अभिलेख राखी निरन्तरता दिए नदिएको अनुगमन गरिनु पर्दछ ।	
	समानीकरण पूँजिगततर्फ	
51.	**सोझै खरिद**- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोझै गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोझै खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाईएको निम्नानुसार रु.२२२२१०१/- को सोझै खरिद गरेको देखियो रु.	१२२२१०१

गो.भौ.नं. मिति	आपूर्तिकर्तको नाम	विल नं. मिति	रकम
३५-०७७/१/४	अनमोल कम्प्युटर	६९-०७६/११/२३	७४९९९
३८-०७७/१/४	अनमोल कम्युटर	७९-०७६/११/३०	४८९८१५
		जम्मा	**५६४८१४**
३६-०७७/१/४	हाइ स्पिड कम्प्युटर	११९-०७६/११/२०	२८५८६३
४३-०७७/१/८	हाइ स्पिड कम्प्युटर	१३६-०७६/११/२८	१७१९८६

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td><table>
<tr><td>४४-०७७/१/९</td><td>हाइ स्पिड कम्प्युटर</td><td>१३७-०७६/११/२८</td><td>९९९९८</td></tr>
<tr><td>४५-०७७/१/९</td><td>हाइ स्पिड कम्प्युटर</td><td>१४३-०७६/१२/४</td><td>९९४४०</td></tr>
<tr><td colspan="3">**जम्मा**</td><td>६५७२८७</td></tr>
<tr><td colspan="3">**कुल जम्मा**</td><td>१२२२१०१</td></tr>
</table></td><td></td></tr>
<tr><td>52.</td><td>**कन्टिन्जेन्सी खर्चको अभिलेख :** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट २५ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७६/७७ मा कन्टीन्जेन्सी बापत रु.१९८२२७२/-कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन ।</td><td></td></tr>
<tr><td>53.</td><td>**कार्य सम्पन्न प्रतिवेदन-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।</td><td></td></tr>
<tr><td>54.</td><td><u>**वास्तविक खरिद भन्दा वढी प्राविधिक मूल्याङ्कन**</u>
(क) २१७-०७७/३/३१ जरुवा खोल्सा मज्देउ वादी लिफ्टिङ खा.पा.योजना उपभोक्ता समिति संग लागत अनुमान रु.६०९५४२४/- मा पालिकाले रु.४८७५०००/- भुक्तानी गर्ने गरी सम्झौता भई कार्य सम्पन्न गरि प्राविधिक मूल्याङ्कन रु.६०९५४२४/- मा पालकिकाले रु.४७९६३२३/- भुक्तानी गरेको छ । उक्त प्राविधिक मुल्याङ्कन मा HDPE पाइप रु.९८६७०१/- उल्लेख भएको छ तर उपभोक्ता समितिले आपूर्ति कर्ता व्ल्याक गोल्ड एण्ड सप्लायर्स इ.प्रा.लि. संग रु.५२०८१७/- र भाष्ट स्टोर्स संग रु.४३७३०४/- गरि रु.९५८१२१/- को मात्र खरिद गरेको हुदा वास्तविक खरिद भन्दा वढी रु.२८५८०/- प्राविधिक मूल्याङ्कनमा उल्लेख भएकोले सम्बन्धित प्राविधिकलाई जिम्मेवार वनाइ उपभोक्ता समिति संग सम्झौता अनुसारको अनुपातिक हिसावले असूल गर्नुपर्ने रु.
(ख) २१३-०७७/३/३१ स्याल पोखरि चाउके मोटरबाटो विकास उपभोक्ता समितिसंग लागत अनुमान रु.६६७८४५/- को लागत अनुमानमा पालिकाले रु.५८५०००/- व्यहोर्ने गरि सम्झौता भई सो कार्य ससम्पन्न गरी प्राविधिक मूल्याङ्कन रु.६६७८४५/-मा पालिकाले रु.५८५०००/- भुक्तानी गरेको छ । उक्त प्राविधिक कूल्याङ्कनमा ग्यावियन जालि ३*१*१ को ९ वटा उल्लेख छ तर उपभोक्ता समितले सिद्धर्थ हार्डवयेरसंग ६ वटा ग्यावियन वक्स मात्र खरिद गरेको हुदा प्राविधिक मूल्याङ्कन मा खरिद गरेको भन्दा बढी उल्लेख ३ वटा ग्यावियन वक्सको दर १२९१० ले रु.३८७३०/- मा सम्झौता अनुसारको अनुपातिक हिसावले उपभोक्ता समित संग सम्बन्धित प्राविधिक समेतलाई जिम्मेवार वनाइ असूल गर्नुपर्ने रु.</td><td>२२८५८

३३९२५/-</td></tr>
<tr><td>55.</td><td>**कार्य सम्पादन जमानत घटि राखेको:** सार्वजनिक खरिद ऐन २०६३ को दफा २७(४) मा छनोट भएको बोलपत्रदाताले लागत अनुमान भन्दा १५% सम्म कम कवुल गरेमा कवुल अंकको ५% र लागत अनुमानको १५% भन्दा बढी घटेर कवुल गरेको अवस्थामा १५% भन्दा जति रकमले घटि कवुल गरेको छ सो को ५०% ले हुन आउने रकम कवुल अंकको ५% मा थपगरि कार्य सम्पादन जमानत वापत दाखिला गर्नुपर्ने उल्लेख छ । तर निम्न निर्माण व्यावसायीले ऐनमा व्यवस्था भए अनुसार कार्य सम्पादन जमानत घटि दखिला भएको देखिएकोले जमानत रकम थप गराउनु पर्ने देखिएको छ ।</td><td>३२६५०</td></tr>
</table>

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>
<table>
<tr><th>निर्माण व्यवसायिको नाम</th><th>कामको विवरण</th><th>लागत अनुमान</th><th>कवोल रकम</th><th>कार्यसम्पादन जमानत राख्नु पर्ने रकम</th><th>कार्य सम्पादन जमानत राखेको रकम</th><th>घटी रकम</th></tr>
<tr><td>सिद्धवावा कन्स्ट्रकसन निर्माण सेवा</td><td>वेसिका चौर सिचाइ योजना</td><td>४८७५५५६</td><td>३९७६५८०</td><td>२८२६५०</td><td>२५००००</td><td>३२६५०</td></tr>
</table>
</td><td></td></tr>
<tr><td>56.</td><td>
कार्यक्रमको अनुगमन:- सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले देहायअनुसार कृषि, पशु, अनुदान खर्च लेखेको छ।तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।
<table>
<tr><th>गौ.भौ.नं.र.मिति</th><th>रकम</th><th>विवरण</th><th>अनुदान पाउने</th><th>कैफियत</th></tr>
<tr><td>३०६।०७७।३।३१ गा पा चालु</td><td>१४४४२०</td><td>तरकारी खेति</td><td>थानपति कृषक सञ्जाल</td><td></td></tr>
<tr><td>२८२।०७७।३।३१ गा पा चालु</td><td>२९२५००</td><td>बाखापालन</td><td>थोर्गेली व्यवसायिक बाखापालन समुह</td><td></td></tr>
<tr><td>२।०७७।३।३१ गा पा कृषि पूँजिगत</td><td>१००००००</td><td>मिनिट्रेलर</td><td>३४ जना कृषकहरुलाइ बितरण</td><td></td></tr>
<tr><td>२११।०७७।३।३१ गा पा पूँजिगत</td><td>२०४०००</td><td>सिकेचर बितरण</td><td>८ जना कृषकहरुलाइ बितरण</td><td></td></tr>
<tr><td>१६।०७७।३।३० प्रदेश चालु</td><td>१२०००००</td><td>बाखा पाठी बितरण</td><td>वडा नं ५ आटीपाटा बाखापालन समुहका ७८ जना कृषकहरुलाइ बितरण</td><td>रुरुक्षेत्र र छत्रकोटका ६३ कृषकहरुबाट बाखा खरिद गरेकोमा ति बिक्रेता कृषकहरुले रकम बुझिलिएको भरपाइमा दस्तखत र सम्पर्क फोन नम्बर उल्लेख नभएको कारणले ति ७८ जना कृषकहरुको घरमा भएका पाठीहरुको लागि पालिकाले रकम दिएको पुष्टी हुन आउछ ।</td></tr>
</table>
कृषि तथा पशु सेवा तर्फका कार्यक्रमहरु निश्चित प्रतिशत अनुदानमा संचालन हुने हुँदा कृषकसँग प्रस्ताव माग गरी कार्यालय र कृषकले व्यहोर्ने अनुदानको सम्बन्धमा स्पष्ट गरी कार्यक्रम संचालन गर्ने,कृषकले दिएको अनुदान रकमबाट उद्देश्य अनुरुपको कार्य भए नभएको सम्बन्धमामा अनुगमन गरी अनुदानलाई प्रतिफलमुखि बनाउनु पर्दछ
</td><td></td></tr>
<tr><td>57.</td><td>प्रशासनिक खर्चको आधार :- कार्यालयले प्रशासनिक कार्यको लागि बजेट विनियोजन गर्दा कार्यालयले गर्ने विभिन्न कार्य र सो कार्य गर्न खरिद गर्नु पर्ने सामान,सेवा वा महसूलको आधारमा कार्यालयको जनशक्ति,मातहतका वडा आदिलाई आधार लिनु पर्दछ ।कार्यालले प्रशासनिक खर्चमा रकम विनियोजन गर्दा लिएको आधार स्पष्ट भएन । प्रशासनि कार्यको लागि रकम विनियोजन गर्दा निश्चित आधारमा विनयोजन गरी न्यून प्रशासनिक खर्चमा अधिक उपलब्धि हुसल गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>58.</td><td>प्रशासनिक खर्च सम्बन्धमा:- कार्यालयको प्रशासनिक खर्च तर्फ चालू तथा पूँजीगत बजेटबाट कार्यालय संचालन, मेशिनरी औजार,फर्निचरमा पूर्वाधार विकास कार्यक्रम लगायतमा समेत प्रशासनिक प्रयोजनका लागि बजेट स्वीकृत भएको छ ।त्यस्तै नेपाल सरकारको शशर्त बजेट तथा प्रदेश सरकारको मुख्यमन्त्री रोजगार कार्यक्रम लगायतमा समेत प्रशासनिक कार्यका लागि रकम विनियोजन भएको छ ।यस अतिरिक्त कार्यलयले निर्माण कार्यको कन्टेनजेन्सीबाट समेत प्रशासनिक कार्यमा खर्च गर्ने गरेको छ ।विभिन्न शिर्षकबाट गरिएका प्रशासनिक खर्चको एकिकृत विवरण नराखिएकोले प्रशासनिक खर्चको विश्लेषण गर्न सकिएन । धेरै शिर्षकबाट प्रशासनिक खर्च गर्ने तर एकिकृत विवरण तयार नगर्दा कार्यालय संचालन लगायतम अनावश्यक खर्च हुन सक्ने,मितव्ययिता नहुने जस्ता जोखिम रहन सक्ने भएकोले आन्तरिक नियन्त्रण तथा पारदर्शिताको लागि सबैशिर्षबाट भएको प्रशासनिक खर्चको एकिकृत विवरण तयार गर्नु पर्दछ ।</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
59.	**जिन्सी व्यवस्थापन** :- आर्थिक कार्यविधि नियमावली,२०६४ को नियम ५० बमोजिम कार्यालयमा कुनै प्रकारबाट प्राप्त भएका जिन्सी सामानको लगत खडा गरी राखिएको जिन्सी मालसमान के कस्तो अवस्थामामा छन, कार्यालय प्रमुखले एक आर्थिक वर्षमा कम्तिमा एक पटक आफैले निरीक्षण गरी वा त्यस्ता मालसामान जिम्मा लिने कर्मचारीबाहेक अन्य कर्मचारीले वा प्राविधिकद्धारा निरीक्षण गर्न लगाई त्यसको प्रतिवेदन लिखित रुपमा लिई कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । गाउँ कार्यपालिकाको कार्यालयले जिन्सी निरीक्षण प्रतिवेदन नियममा व्यवस्था भए बमोजिम निरिक्षण गराइ प्रतिवेदन लिएको पाइएन ।	
60.	**खरिद व्यवस्थापन** :- सार्वजनिक खरिद नियामवली,२०६४ को नियम ३ बमोजिम सार्वजनिक निकायले कुनै खरिद कार्वाही तयार गर्दा खरिद आवश्यकताको पहिचान माग संकलन गर्ने,खरिद सम्बन्धी विभिन्न प्राविधिक कुरा समाधान गर्न र आपूर्तिकर्ताको उपलब्धता यकिन गर्न बजारमा प्रचलित खरिद संम्झौताको जानकारी लिने,अघिल्ला वर्षहरुमा समान प्रकृतिको मालसमान,निर्माण कार्य वा परामर्श सेवा अन्य सेवा खरिद गरिएको भए त्यस्तो खरिद प्रक्रियाको अध्ययन गर्ने,खरिद विवरण तयार, परिमाण र क्षेत्र यकिन गर्ने,खरिदलाई बढी सुविधाजनक समुह विभाजन गर्ने वा प्याकेजमा समावेश गर्ने, खरिद योजना तयार गर्ने,खरिदको लागत अनुमान तयार गर्ने,खरिदको आर्थिक स्रोत र रकम पहिचान गर्ने,खरिद विधि छनौट गर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन ।	
60.1	कार्यालयको दैनिक प्रशासन संचभालनको लागि चालु तथा पूँजिगत खर्च शिर्षकबाट मसलन्द,छपाई,विविध प्रकारका सामाग्री खरिदको लागि कार्यालय संचालनमा, मेशिनरी औजारमा,फर्निचरमा खर्च गरेको संघिय तथा प्रदेश सरकारको शसर्त बजेट बाट समेत विभिन्न सामान खरिद गरिएको छ । कार्यालयले सामान खरिदको लागि माग संकलन,लागत अनुमान तयारी„सामानको प्रकृति अनुसार समुह विभाजन र प्रत्येक समूहको रकम परिमाण अनुसार खरिद विधि छनौट गरी खरिद गरेको पाईएन ।कार्यालयमा प्रयोग हुने कतिपय सामान कार्यालयबाट खरिद गरेको भए पनि विषयत शाखाबाट खरिद गरी कर्मचारीले सोधभर्ना माग गरेको तथा कतिपय सामान पेश्कीबाट खरिद गरेको देखियो ।त्यस्तै शिक्षा,कृषि,पशु„सामाजिक विकासको लागि छुट्याईएको अधिकाशं बजेट संम्बन्धित शाखाका कर्मचारीले पेश्कीबाट खरिद गरेकोमा खरिद गरिएको रकम सम्बन्धित सप्लायर्स तथा सेवा उपलब्ध गराउनेलाइ दिएको भरपाइ वा बैंक ट्रान्सफर गरेको समेत देखिएन ।	
60.2	सामान प्रयोग गर्ने वा सेवाग्राहीलाई सामान वितरण गर्ने जिम्मा पाएको व्यक्तिले आफैं कार्यक्रम तयार गर्ने,आफै पेश्की लिने वा माल सामान पेश्किबाट खरिद गरी सोधभर्ना लिई आफै वितरण गर्दा आन्तरिक नियन्त्रणको अभावमा बजार मूल्य भन्दा बढीमा बस्तु वा सेवा प्राप्त हुन सक्ने भएकोले बस्तु वा सेवा खरिद गर्दा सार्वजनिक खरिद नियमावलीको प्रावधान अनुसार सोझै,दरभाउपत्र, सिलबन्दी दरभाउपत्र,बोलपत्र लगायतका उपयुक्त खरिद विधि छनौट गर्ने,बिक्रेतालाई सोझै भुक्तानी गर्ने लयागतका प्रक्रिया अवलम्बन गरी खरिद प्रणालीलाई व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।	
60.3	सार्वजनिक खरिद नियमावली,२०६४ मा ५ लाख सम्मको मालसमान खरिद ३ आपूर्तिकर्ताबाट दरभाउपत्र लिई सबै भन्दा घटी रकम प्रस्ताव पेश गर्ने आपूर्तिकर्ताबाट खरिद गर्नु पर्ने व्यवस्था छ । गाउँपालिकाले दरभाउपत्रबाट खरिद गरेका सामानको भुक्तानी दिएको भौचर साथ ३ दरभाउपत्र संलग्न गरेको भएपनि दरभाउपत्रको फोटोकपि संलग्न गरेको, तुलनात्मक तालिका बनाई स्वीकृत गराउने नगरेको,आपुर्तिकर्तालाई पत्राचार गरी दरभाउपत्र माग नगरेको, दरभाउपत्र बाट मालसामान खरिद गर्दा मौजुदा सूचीमा रहेका आपूर्तिकर्तालाई लिखित पत्राचार गरी सक्कल प्रति दरभाउ लिने प्राप्त दरभाउपत्र दर्ता गर्ने,तुलनात्मक तालिका तयार गर्ने लगायतका कार्य गरी खरिद प्रणालीलाई व्यवस्थित गर्नुपर्दछ ।	
61.	**बिपन्नलाइ बाखा बितरण** पालिकाको वडा नं ३ थानपतिमा सञ्चालित बाखा बितरण कार्यक्रममा ५० प्रतिशत वा रु ६०००।०० मध्ये जुन कम हुन्छ सो रकम गा पा बाट अनुदान दिने कार्यक्रम रहेकोमा पालिकाले ७ जना कृषकलाइ ३१ वटा बाखाको रु ६३००।०० ले हुने रु १९५३००।०० र बिमा रु	

<table>
<tr><th>दफा</th><th>भौ.नं, मिति र ब्यहोरा</th><th>बेरुजू रकम</th></tr>
<tr><td></td><td>५४२५।०० गरी जम्मा रु २००७२५।०० मध्ये रकम गो भौ नं २१३।०७७।३।११ बाट रु १८६०००।०० भुक्तानी गरेकोमा बाखा खरिद तथा बिमा गरेको प्रमाण बिना कृषकलाइ नगद दिएको नियमसम्मत नभएको रु</td><td>१८६०००</td></tr>
<tr><td>62.</td><td>कार्यक्रमबाट असम्बन्धित रकम भुक्तानी पालिकाबाट सञ्चालित हुने योजना तथा कार्यक्रमहरुको बजेटबाट तोकिएका कार्यक्रममा मात्र खर्च गर्न पाउनेमा देहाय बमोजिमका योजना तथा कार्यक्रमहरुमा उपभोक्ताहरुले खाजा खाना लगायतका बिल भरपाइ पेश गरेको आधारमा पालिकाले भुक्तानी दिएकोले त्यस्तो साधारण प्रकारको खर्च भुक्तानी दिन मिल्ने नदेखिएको रु
<table>
<tr><th>गो भौ नं</th><th>रकम</th><th>खाजा समेत भुक्तानी</th><th>ब उ शि नं</th><th>उपभोक्ता समितिको नाम र काम</th><th>कैफियत</th></tr>
<tr><td>१।०७७।३।३१</td><td>२४९७१७५</td><td>३८३४०</td><td>संघिय पर्यटन</td><td>रुरुक्षेत्र वडा नं १ मा अवस्थित सुगन्ध बिहार अतिथी गृह निर्माण उ स</td><td>खाजामा रु ३८३४०।०० भुक्तानी</td></tr>
<tr><td rowspan="2">१६।०७७।३।३०</td><td rowspan="2">१२०००००</td><td>६६०६०</td><td>प्रदेश चालु</td><td>वडा नं ५ आटीपाटा बाखापालन समुहका</td><td>खाजामा रु ४९२६०।०० र स्टेशनरीमा रु १६८००।०० समेत भुक्तानी</td></tr>
<tr><td>१५६००</td><td>प्रदेश चालु</td><td>वडा नं ५ आटीपाटा बाखापालन समुहका</td><td>बाखा संकलक ५ जनालाइ १५६ बाखाको प्रति एक बाखा रु १००।०० का दरले रु १५६००।०० उपलब्ध गराएको</td></tr>
<tr><td>२५९।०७७।३।३१</td><td>१०८४३४</td><td>२५५०</td><td>गा पा चालु</td><td>वडा नं ४ वोयर जातका बाखा पालन समुह</td><td>खाजामा भुक्तानी</td></tr>
<tr><td>२५८।०७७।३।३१</td><td>१०००००</td><td>३५२०</td><td>गा पा चालु</td><td>वडा नं ६ वोयर जातका बाखा पालन समुह</td><td>खाजामा भुक्तानी</td></tr>
<tr><td>जम्मा</td><td></td><td>१२६०७०</td><td></td><td></td><td></td></tr>
</table></td><td>१२६०७०</td></tr>
<tr><td>63.</td><td>भौ नं १४६, ०७७।३।२१ बर्थिङ्ग सेन्टरका ३ जना कर्मचारीहरु रेश्मा गौतम सीता कोइराला र शुशिला ज्ञावलीको असार महिनाको तलब भुक्तानी गोश्वारा भौचरमा रु १७६२ मात्र लेखेको छ । वास्तविक भुक्तानी रु १७९१५।३३ का दरले जम्मा रु ५३७४५।३३ भुक्तानि भएको पाइएकोले यस सम्बन्धमा पालिकाले पुष्ट्याइ सहित प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>64.</td><td>यस रुरुक्षेत्र गाउँपालिका अन्तर्गत संचालित ४६ वटा विद्यालयहरुमा कार्यरत शिक्षकहरु विद्यालय कर्मचारीहरु तथा कार्यालय सहयोगीहरु लगायत प्राविधिक धारका शिक्षकहरुको पनि पहिलो दोश्रो र तेश्रो चौमासिकको रकम भुक्तानी दिएकोमा कर्मचारीको पेरोल पेश भएको छैन । विद्यालयका माग फारमका आधारमा तलब भुक्तानी गरेकोमा माग गरेको रकम र निकासा दिएको रकम भिडान भएको छैन । साथै कार्यरत शिक्षकरुको संख्या पारित तलवी प्रतिवेदनसँग भिडान समेत नभएकोले शिक्षकहरुको तलब भत्ता प्रमाणित हुने पेरोल तथा तलबी प्रतिबेदन प्रमाण पेश गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>65.</td><td>भौ नं २०५, ०७७।३।३१ श्रृङ्गेश्वर तपोभुमी क्षेत्रमा पैदल चक्रपथ निर्माणको लागि मुल्याङ्कन रकम रु ९७६५६९।०० रहेकोमा खर्चको विल भरपाई रु ९६६५५९।०० मात्र रहेकोले नपुग रकमको पुष्ट्याइ सहित थप प्रमाण पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु</td><td>१००१०</td></tr>
<tr><td></td><td>गा पा चालु शिक्षा</td><td></td></tr>
<tr><td>66.</td><td>भौ नं २५, २०७७।३।२८ कक्षा ८ को ग्रेड लेजरसिट टाइपिङ्ग तथा प्रुफ रिडिङ्ग र प्रिन्टिङ्ग बापत इश्वरी न्यौपाने लगायत ४ जनालई रु १००००।०० भत्ता भुक्तनिमा १५% पारिश्रमिक कर कट्टी नगरेको असुल गर्नुपर्ने रु</td><td>१५००</td></tr>
<tr><td>67.</td><td>भ्रमण खर्चः लुम्विनी प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा</td><td></td></tr>
</table>

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् । • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको । • नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको । • भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको । • कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको । • स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको । अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा सम्बन्धमा स्पष्ट हुन सकिएन । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा मितव्ययिता कायम गरि खर्चमा नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।	
	सामाजिक सुरक्षातर्फ	
68.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेछ ।	
69.	सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १६(घ) बैकिङ प्रणाली मार्फत सामाजिक सुरक्षा भत्ता वितरणमा नगइसकेको स्थानीय तहको हकमा सम्बन्धित वडा समितिको रोहवरमा भत्ता रकम वितरण गर्नुपर्नेछ ।	
	विपद् व्यवस्थापन	
70.	**कार्ययोजना :** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा १७(२) तथा विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन नियमाली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारमा परिषद/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकिकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरि स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने बजेट विनियोजन गर्न लगाउने सबै पक्षको समन्वय र संलग्न गराउने ।विपद पुर्वतयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने ऐन वमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र संचालन, तथ्याङ्क अध्यावधिक गर्ने विपद् घर परिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागु गरी गर्ने, गराउने सम्बन्धि व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरु गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु गराउनु पर्दछ ।	
71.	**विपद् व्यवस्थापन कोषः** विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन,२०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्थापन सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात समेत रु.११८९१७१७/-आम्दानि भई रु.६६३९००८/- खर्च गरी बाकी रु.५२५२७०९/- देखिन्छ ।	
72.	**वार्षिक प्रतिवेदन—** विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ को दफा ,४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।	
73.	**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण, उपयोग तथा हक हस्तान्तरण-** स्थानीय सरकार सञ्चाल ऐन, २०७४ को दफा ९७ मा गाउँपालिका तथा गाउँपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पत्तिको रेखदेख, मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ **पालिका ले** आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गरेको अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पत्तिको मर्मत सम्भार एवं संरक्षण गर्नु पर्दछ ।	
74.	**आन्तरिक लेखापरीक्षणबाट कायम वेरुजुः** आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा ३४ मा स्थानिय तहले लेखा तथा आर्थिक कारोवारको नियमितता मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गराउनु पर्ने, आन्तरिक लेखापरीक्षणको प्रतिवेदन औल्याइएको विषय वस्तुहरु सुधार भए नभएको परिक्षण गर्न तथा आवश्क कारवाहि गर्न लेखापरीक्षण समिति गठन गर्नु पर्दछ र आन्तरिक लेखापरीक्षकले प्रस्तुत गरेको प्रतिवेदन र सो उपर भएको कारवाहीको प्रतिवेदन स्थानीय तहको प्रमुख समक्ष पेश गर्नुपर्ने उल्लेख भएतापनि पालिकाले आन्तरीक लेखापरीक्षण सम्म गराई प्रतिवेदन लिने कार्य भएको सो प्रतिवेदनमा औल्याइएका विषय वस्तुहरु सुधार भए नभएको परीक्षण गर्ने तथा आवश्यक कारवाही गर्ने लेखापरीक्षण समिति गठन गरेको पाईएन । अतः पालिकाले लेखापरीक्षक समिति गठन गरी आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषय बस्तुहरु सुधार भए नभएको परीक्षण तथा आवश्यक कारवाही गरी प्रमुख समक्ष पेश गर्नु पर्दछ।आन्तरिक लेखापरीक्षणबाट औल्याइएका विषयवस्तु हरु निम्न छन ।	
74.1	**आन्तरिक नियन्त्रण प्रणाली :** स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ८७ वमोजिम स्थानीय तहले आफ्नो कार्यालयबाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापूर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वासनीय बनाउन तथा प्रचलित कानून बमोजिम कार्यसम्पादन गर्न आ-आफ्नै प्रकृति अनुसारको आन्तरिक नियन्त्रण प्रणाली तयार गरी कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ । गाउँपालिकाको आन्तरिक नियन्त्रण प्रणाली परीक्षण गर्दा निम्नानुसार देखिएको छ । • आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ को उपनियम ८ बमोजिम खर्च भएका सवै विल भरपार्यहरुमा सिलसिलेवार नम्वर राखी अधिकार प्राप्त अधिकारीबाट पर्माणित गरि भुक्तानी भएको जनाउने छाप लगाउनु पर्ने देखियो । • कार्यालयले विभिन्न फर्म/ कन्स्ट्रक्सन लाई विलकव भुक्तानि गर्दा मू.अ. कर समेत भुक्तानी गरेकवमा कर कार्यालयमा जानकारी गराएको पाइयो ।	
74.2	**विधुतीय लेखाः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७६ बमोजिम कारोवारको लेखा महालेखा नियन्त्रक कार्यालय ले तँके बमोजिम हुने भनिएको छ कार्यालयबाट स्थानीय संचितकोष व्यवस्था प्रणाली (SUTRA) को प्रयोग गरी स्रेस्ता आ.व ०७६/७७ मा यो NOLINE SOFTWARE को प्रयोग गरेको पाइयो ।	
74.3	**सार्वजनिक खर्च :** सार्वजनतिक खर्चमा मतव्ययिता कायम गर्न सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धि निर्देशिका बनाई लागू गर्नुपर्दछ ।	
74.4	धरौटी रकम गर्दा निर्माण कार्यमा आवश्यक कागजातको अतिरिक्त प्राविधिकको राय, आन्तरिक आय ठेक्का तर्फको फिर्ता गर्दा राजश्व शाखाको राय,अन्य खरिदमा खरिद गर्ने शाखाबाट धरौटी फिर्ता गर्नुपर्ने स्पस्ट कारण सहितको राय लीएर मात्र धरौटी फिर्ता गर्नु पर्दछ ।	
74.5	**शशर्त चालु :** **विद्यालय लाई निकाशा :**निकासा माग फारम, दरबन्दी विवरण एवं अन्य सम्पूर्ण तथ्यांक तथा विवरणहरु सम्बन्धित अधिकारीबाट रुजु तथा प्रमाणीत गरि शुद्धता यकिन गरेर निकासा तथा खर्च लेख्नुपर्नेमा	

दफा	भौ.नं, मिति र व्यहोरा	बेरुजू रकम
	चौमासिक निकासा र विध्यालयमा जाने अन्य शिर्षकको खर्च लेखांकन गर्दा कम निकासा दिने र दोश्रो वा तेस्रो चौमासिकमा थपघट मिलान गरी निकासा दिने गरेकोले चौमासिक निकासा दिदा घटी बढी नहुने गरी निकासा दिनुपर्ने देखिन्छ ।	
74.6	आन्तरिक आय तथा राजश्व तर्पः गत वर्षको अल्या : १८४३७९८२.३१ यस वर्षको आम्दानी : ८९७१८९३.९६ जम्मा आम्दानी : २७४०९८७६०१५ **नगदी रसिदः** नगदी रसिदबाट असुल गरेको आम्दानी केही दिन ढिलो हुने गरी बैंक दाखिला हुने गरेको देखियो । आर्थिक कार्यबिधि नियमावली २०६४ को नियम ९ (६) बमोजिम नगदी रसिद वापतको राजस्व सोही बमोजिम बैंक दाखिला गर्नु पर्छ साथै रसिद नियन्त्रण खाता समेत अध्यावधिक गराई राख्नु पर्ने देखिन्छ ।	

75. **कोभिड -१९ तर्फ**

(१) कोभिड -१९ रोकथाम र व्यवस्थापनमा २०७७ आषाढ समान्त सम्म देहाय अनुसार आम्दानी खर्चको विवरण पेश गरेको छ ।

बजेट / आम्दानीको स्रोत	रकम	खर्च शिर्षक	२०७७ आषाढ मसान्त सम्मको खर्च
स्थानीय तहको आफ्नै बजेट बाट	९४५००००	राहत वितरण	८३७३४८
प्रदेश कोभिड कोषबाट	१००००००		
अन्य श्रोतबाट प्राप्त	१४४१७१७	क्वारेन्टिन होल्डिङ्ग सेन्टर र आइसोलेसन निर्माण	६७०५८९/-
		हेल्थ डेक्स निर्माण तथा व्यवस्थापन खर्च	१३१०१२
		हेल्थ डेक्स क्वारेन्टिन र आइसोलेसन खाना नास्ता	१८०२३४२
		जनशक्ति परिचालन	७४८२३९
		औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री खरिद	८५४१११
		जम्मा	५०४३६४१
		बाँकी	५२५२७०८
जम्मा	**११८९१७१७**	**जम्मा**	**१०२९६३४९**

(क) पालिकाको बैंक नगदी किताबमा रु.६६३९००८/- खर्च भएकोमा प्राप्त विवरणमा खर्च रु.५०४३६४१/- को मात्र उल्लेख गरी तयार गरेको छ । अतः बैंक नगदी किताब अनुसार खर्च उल्लेख गरिनु पर्दछ ।

(ख) पालिकाले शिर्षकगत खर्चको अभिलेख नराखिएकोले खर्च भिडान गर्न सकिने अवस्था छैन । अतः शिर्षकगत खर्च अभिलेख राख्नु पर्दछ ।

(ग) जोखिम भत्ता ससर्त तर्फ बाट खर्च लेखेको स्वास्थ्यकर्मी हरुलाई रु.१९७२५८६/- कोभिडको खर्चमा समावेश गरिएको देखिएन ।

(घ) भौ.नं. र मित २०७६/९/१७ बाट विपद तर्फ रीडी रुद्रवेणी सडक ख्ड पहिरो पन्छानउ काममा खर्च भएको रु.५०४००/- कोभिड-१९ खर्चमा समावेश गरेको पाइयो ।

76. **जोखिम आंकलन र पूर्व तयारीः** पालिकाले कोभिड-१९ महामारीको जानकारी पश्चात गर्नुपर्ने तयारीहरु प्रवेश विन्दुमा निगरानी, प्रवेश विन्दुमा स्क्यानीङ्ग, समुदाय तह स्क्यानिङ्ग, इमरजेन्सि रेस्पोन्स टिम परिचालन क्वारेन्टाइन व्यवस्थापन, आइसोलेशन केन्द्र स्थापना सम्बन्धि कार्यहरुको योजना तयार गरि कार्य गरेको पाईएन।

77. **जोखिम भत्ता :** नेपाल सरकार द्वारा जारी भएको कोराना भाइरस कोभिड-१९ को संक्रमण उपचारमा संलग्न जनशक्तिको जोखिम भत्ता व्यवस्थापन आदेश २०७७ को दफा ७(ङ) मा अनुगमन मूल्याङ्कन तथा व्यवस्थापन मा संलग्न प्रशासनीक जनशक्तिलाई नेपाल सरकारले तोकेको शुरु तलव स्केलको ५०% र कन्ट्याक ट्रेसिङमा खटिएका स्वास्थ्यकर्मी क्वारेनटाइनमा खटिएका जनशक्तिलाई ७५% जोखिम भत्ता प्रदान गर्न सक्ने व्यवस्था छ । सो अनुसार अग्रपंतिमा खटिएका स्वास्थ्यकर्मी तथा खटिएका कर्मचारीहरुको लागी जोखिम भत्ता रु.२७२०८२५/- खर्च लेखेको छ ।

जोखिम भत्ता पाउने विवरण	संख्या	रकम
स्वास्थ्य फर्मा	६३ जना	१९७२५८६/-
प्रशासनिक कर्मचारी	३८ जना	७४८२३९
जम्मा	**१०१**	**२७२०८२५**

78. **क्वारेनटाइन र आइसोलेसन व्यवस्थापन :** पालिकाले २० वटा विद्यालय समेत जम्मा २४ स्थानमा क्वारेन्टिन /होल्डीङ सेन्टर राखेको र सवै क्वारेन्टिन होल्डिङ सेन्टरहरुमा ३९२ वेड संख्या रहेको दैनिक रुपमा ३९२ जना वस्न सक्ने क्षमता रहेको र २०७७ आषाढ मसान्त सम्म क्वारेन्टिन / होल्डिङ सेन्टरहरुमा ५२० जना वसेको र वडापत्र रुपमा व्यवस्थापन खर्च रु.२१९५८२२/- खर्च भएको विवरणमा उल्लेख छ ।

वडा नं.	क्वारेन्टिन /होल्डिङ सेन्टर संख्या	वेड संख्या	आषाढ मसान्त सम्म वसेको संख्या	व्यवस्थापन खर्च
१	३	५०	१११	५६८१२२

२	१	५०	७७	३२१३६५
३	५	८०	८६	४५२३१०
४	२	८०	७७	३२८४७८
५	८	७२	९६	३५९३९५
६	५	६०	७३	१६६१५२
जम्मा	**२४**	**३९२**	**५२०**	**२१९५८२२**

79. **राहत वितरण सम्बन्धमा :**

(क) सार्वजनिक खरीद ऐन २०६३ को दफा ६६ तथा सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४५ अनुसार विशेष परिस्थितिमा खरिद गर्ने सम्बन्धी व्यवस्था अनुसार आपूर्तिकर्ता संग खरिद गर्ने व्यवस्था नगरी वडा कार्यालयका कर्मचारी मार्फत निम्न आपूर्तिकर्ताबाट सोझौ खरिद गरी वितरण गरेको देखियो । पहिलो चरण पालिकाले राहत वितरणमा रु.८३७०९०/- खर्च लेखेको छ।

वडा नं.	वितरण गर्ने कर्मचारी पदाधिकारीको नाम	आपूर्तीकर्ताक	खर्च रकम	बितरण संख्या
१	वडा सचिव गोविन्द प्रसाद पौड्याल	किपल किराना फलफुल तरकारी पसल कपिल स्टोर्स	१३४५६३	९१ जना
२	वडा सचिव वेद वहादुर कुवर	गंगा ब्रदर्श सप्लायर्स	१३९९६७	१०३
३	वडा सचिव राम प्रसाद गौताम	कपिल किराना फलफुल तरकारी पसल कपिल स्टोर्स	८०६०५	५७
४	वडा सचिव राम प्रसाद ज्ञावली	कपिल किराना फलफुल तरकारी पसल कपिल स्टोर्स	१७१९७८	१२६
५	वडा सचिव डिल्लिराज ज्ञवली	गंगा ब्रदर्श सप्लायर्स	२०५०१३	१५१
६	वडा सचिव हरी प्रसाद न्यौपाने	गंगा ब्रदर्श सप्लायर्स	१०४९६४	१००
		जम्मा	८३७०९०	६२८

(ख) विपद् व्यवस्थापन समितिको मित २०७७/२/८ को वैठकबाट असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरुलाई दोस्रो चरणको राहत वितरण काममा आधारित पारिश्रमिक दिने निर्णय गरिएको सो निर्णय अनुसार निम्न गोश्वरा भौचरहरुबाट रु.११३५०००/- राहतको नाममा खर्च गरेको छ । पालिका अन्त्रगत असंगठित क्षेत्रमा कार्यरत श्रमिकहरु के कति छन तथ्याङ्क रहेको छैन । पालिकासंग तथ्याङ्क नै नरहेको अवस्थामा निम्न बमोजिम संस्थागत निम्न बमोजिम को स्थानमा कार्य गराई डोर फारमबाट खर्च लेखेको छ।

गो.भौ.नं. मिति	वितरण गर्ने कर्मचारी /पदाधिकारी	कामको विवरण	कामदार संख्या	खर्च रकम
३७-०७७/३/१४	वडा नं.२ सचिव वेद वहादुर कुवार	चलाउने पोखरा कोन्द्रा तारुक मोटरबाटो मर्मत	५८	२९००००
३७-०७७/३/१९	वडा नं ६ सचिव हरी प्रसाद न्याँपाने	तारुक खोला देखी वडा कार्यालय सम्म मोटरबाटो मर्मत	४०	२०००००
४३-०७७/३/२९	वडा नं.१ वडा सचिव गोविन्द प्रसाद पौड्याल	वुढो आय ठाडा बाटा मोटर बाटो मर्मत	४४	१०५०००
४४-०७७/३/१९	वडा नं.१ वडा सचिव गोविन्द प्रसाद पौड्याल	चिदि गौरा भटकुवा मो.वा.मर्मत	४५	१०५०००
४५-०७७/३/१९	वडा नं.६ वडा सचिव हरि प्रसाद न्यौपाने	पञ्याङ्ग वम्धाकोट मो.वा.मर्मत	२८	१०००००
			जम्मा	११३५०००

80. **केश अनुसन्धान तथा कन्टयाक्ट ट्रेस :** पालिकाबाट प्राप्त विवरण अनुसार केश अनुसन्धान तथा खोज पड्तालको लगि ३ सदस्यीय १ टिम गठन गरी परिचालन गरिएको र खोज पड्ताल गरिएका ७७ जना मा १४ जना संक्रमित भएको उल्लेख छ । संक्रमितहरुलाई क्वारेन्टाइनमा पठएको जवाफ प्राप्त भएको छ ।

81. **आइसोलेशन व्यवस्थापन :** पालिकाले आइसोलेशन केन्द्र रिडी मा.वि मा वेड संख्या २० राखी आसाढ मसान्त सम्म ३० जना वसेको र सो आइसोलेशन व्यवस्थापन गर्न रु.४८५००/- खर्च भएको प्राप्त विवरणमा उल्लेख छ ।

82. **स्वास्थ्य सामाग्री खरिदः** पालिकाले कोभिड-१९ का लागि आवश्यक स्वास्थ्य सामाग्रि तथा उपकरणहरुको आवश्यकता पहिचान गरी सार्वजनकि खरिद ऐन तथा नियमावलीमा व्यवस्था भए अनुसार विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अवलम्बन गरी खर्च गरेको छैन । औषधि एवं स्वास्थ्य उपकरण तथा सामाग्री रु.८५४१११/- खरिद गरेको खर्चको विवरणमा उल्लेख छ । उक्त खर्च मध्ये निम्न गोश्वरा भौचरबाट निम्न

वमोजिमको सामान खरिद भएको देखिन्छ । पालिकाले औषधि तथा उपकरण तत्काल आवश्यक पर्न सक्ने र पछि आवश्यक हुनेको पहिचान गरी सार्वजनिक खरिद ऐन र नियमावलीमा विशेष परिस्थितिमा खरिद गर्ने व्यवस्था अनुसार खरिद गर्नुपर्दछ ।

गो.भौ.नं. मिति	आपूर्तिकर्ता	खर्च रकम	खरिद मध्ये मूख्य सामान	संख्या	दर
४७-०७७/३/२४	६ वटा आपूर्तिकर्तावाट	५४९४२५	पि.पि.इ.सेट	२० सेट	३४००
			सेटएक्जामिनेशन ग्लोव	२०	२५०
			आर.डि.टि किट	१००	८५०
६४-०७७/३/३१	स्वास्थ्य शाखा प्रमुख मार्फत खरिद	२७७२३५			

अनुसुची १

रुरुक्षेत्र गाउँपालिका
सञ्चित कोष विवरण
आर्थिक वर्ष २०७६/०७७

(रु. हजारमा)

क्र.स.	स्थानिय तह	जिल्ला	आय					जम्मा आय	व्यय				मौज्दात
			गत वर्षको जिम्मेवारी	संघ तथा प्रदेश अनुदान	राजश्व बाँडफाड रकम	आन्तरिक आय	अन्य आय		चालु खर्च	पूँजिगत खर्च	अन्य खर्च	जम्मा खर्च	
			१	२	३	४	५	(२+३+४+५)	७	८	९	१० (७+८+९)	११ (१+६-१०)
१	रुरुक्षेत्र गाउँपालिका	गुल्मी	१९८५४	३४६७६७	५६५८५	८९०८	१०७१५७	५३९२७१	३०९५०६	९२६४३	७२९७३	४७५१२२	६४१४९

अनुसुची २

बेरुजु बर्गीकरण
(विनियोजन, राजस्व, धरौटी र अन्य कारोवार)

(रु. हजारमा)

क्र.स	जिल्ला	स्थानीय तहको नाम	प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौट			बाँकी बेरुजु			बाँकी बेरुजु								
			दफा संख्या		रकम	दफा संख्या		रकम	दफा संख्या		रकम	अशुल गर्नुपर्ने	नियमित गर्नुपर्ने					पेश्की		
			सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			अनियमित भएको	प्रमाण कागजत पेश नभएको	राजस्व लगत जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	कर्मचारी	अन्य	जम्मा
१	गुल्मी	रुरुक्षेत्र गाउँपालिका	९२	२१	१६३१३	०	८	११८७९	९२	१३	४४३४	३८३	३००८	१०४३	०	०	४०५१	०	०	०

अनुसुची-३

अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)

क्र.स	स्थानीय तहको नाम	जिल्ला	गत बर्ष सम्मको बाँकी	यो बर्षको फछ्यौट	बाँकी	यो बर्ष सं.प.बाट कायम भएको बेरुजु	यो बर्षको बेरुजु	कुल बाँकी बेरुजु
१	रुरुक्षेत्र गाउँपालिका	गुल्मी	१५३०१	४८३	१४८१८	०	४४३४	१९२५२